## पूर्ण इजलास

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की र मा.न्या.श्री कमलनारायण दास,** पु.नि.नं. ०६६-NF-०००१, ०००२, दर्ता बदर हक कायम समेत, *मु.स. गर्ने महेशकुमार गोरखाली वि. कृष्णलाल गोरखाली, कृष्णलाल गोरखाली वि. मु.स. गर्ने महेशकुमार गोरखाली*

कुनै अंशियारको अंश भागमा परेको नदेखिई बाबुका नाउँमा दर्ता रहेको जग्गा बाबुको शेषपछि सबै छोराले बराबर बाँडी खान पाउने हुँदा कुनै एक अंशियारले अन्य अंशियारको अस्तित्व लोप गरी नामसारी दर्ता गराउँदैमा अंश जस्तो नैसर्गिक हक समाप्त हुन नसक्ने ।

अंशियारहरूको अंश हक लाग्ने जग्गा एउटा अंशियारले मात्र गलत व्यहोरा उल्लेख गरी दूषित रूपमा एकलौटी दर्ता गराएको अवस्थामा त्यस्तो दूषित दर्ताका सम्बन्धमा हदम्यादको प्रश्न समेत गौण बन्न पुग्ने ।

बहिनीको विवाह वादी एक्लैले गरेको भन्ने जिकीर समर्थित हुने कुनै ठोस प्रमाण पेश गर्न सकेको पाईदैन । साथै पिता माधवलाल जीवित हुँदै महालक्ष्मीको विवाह भएको भन्ने हुँदा विवाहमा आफूले मात्र खर्च गरेको भए आफ्नो जिम्माको जग्गा बाबु जीवित हुँदै दा.खा. नामसारी गराउन सक्नु पर्नेमा सो गराउन नसकेबाट बहिनीको विवाह खर्च आफू एक्लैले व्यहोरेको भन्ने वादीको जिकीर विश्वसनीय नदेखिएकोले विवादित जग्गामा वादीको एकलौटी हक कायम हुन सक्ने आधार नदेखिने ।

फिराद दावी वा विवाद जे जस्तो रूपबाट आए पनि अंशबण्डाको लिखतमा परेको तथा कसैको एकलौटी अंश भागको हुने नभनिएको विवादित जग्गा अंशियारबीचको अबण्डा सम्पत्ति मान्नुपर्ने ।

दावी लिनेले जस्तोसुकै रूपबाट दावी लिए पनि अंश भाग लाग्ने प्रकृतिको अबण्डा गोश्वारा प्रकृतिको सम्पत्तिको हकमा अदालतले सदैव अंशहकको नैसर्गिकता कायम हुने दृष्टिकोण अवलम्बन गर्नुपर्ने हुन्छ । यस्तोमा कुन ऐनअन्तर्गतको दावी लिइएको छ भन्ने कुरा गौण हुने र हदम्यादको प्रश्नले समेत असर गर्न नसक्ने ।

सम्पत्ति दर्ता नभएको व्यक्तिलाई सामान्यतः विपक्षी बनाई रहन आवश्यक हुँदैन । तर त्यत्तिकै कारणले सम्पूर्ण सम्पत्तिमा एक अंशियारको मात्र हक हुने अर्थ गर्न मिल्दैन । मुद्दा गरेको कारणबाट मात्र एक अंशियारले अर्को अंशियारबाट पाउने अंशको नैसर्गिक हक जान सक्दैन । किनकि अवण्डा सम्पत्तिको चरित्र र प्रकृति अविच्छिन्न र सगोलीय नै हुने हुँदा जुनसुकै अंशियारको साथमा रहेको भए पनि त्यो चरित्र र प्रकृति नष्ट हुन नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ असोज २५ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** २०६३ सालको दे.पु.नं. ८७९४, निर्णय बदर, *मु.स. गर्ने जगतमाया तजले समेत वि. सिद्धिवीर कर्माचार्य समेत*

गुठी संस्थान ऐन, २०३३ को दफा २६(३) मा मिति २०४१।८।२४ मा पहिलो संशोधन भई जग्गा दर्ता गर्न पाउने दर्तावाला मोहीको हक समाप्त भए तापनि साविकको कानूनअनुसार निवेदन परी साधिकार निकायमा कारवाही चलेको विषयमा पछि आएको ऐनले पहिले स्थापित भइरहेको हकअधिकारमा असर पर्न सक्ने अवस्था र स्थिति रहँदैन । साथै साविक ऐन बहाल रहँदाको अवस्थामा कायम भएको हकअधिकार दिलाई पाउन कारवाही चलेको विषयमा असर पर्छ भन्न समेत नमिल्ने हुँदा निवेदन पर्दाका अवस्थामा बहाल रहेको कानूनबमोजिम दर्तावाला मोही र जोताहा मोहीका बीचमा जग्गा छुट्ट्याई दर्ता गर्ने गरेको गुठी संस्थानको निर्णय कानूनसम्मत् देखिने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६९ साल कात्तिक २१ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- पुनरावेदन नं. ०६७-CI-०५५०, निर्णय बदर, *न्हुच्छेभक्त सायजू वि. सिद्धिवीर कर्माचार्य समेत*
- पुनरावेदन नं. ०६७-CI-०५५१, हक कायम, *न्हुच्छेभक्त सायजू वि. सिद्धिवीर कर्माचार्य समेत*
- पुनरावेदन नं. ०६७-CI-०५५२, निर्णय बदर समेत, *न्हुच्छेबहादुर धुकुछु (सायजू) वि. सिद्धिवीर कर्माचार्य समेत*

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. २०६८-CR-१०५८, १२८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सम्झना श्रेष्ठ, सम्झना श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादी सम्झना श्रेष्ठलाई मृतक खड्गबहादुर श्रेष्ठले जवर्जस्ती करणी गर्ने उद्देश्यले हातपात गरेको कारणबाट वारदात घट्न गएको, मिति २०६५।१०।४ गते बिहान प्रतिवादीले कोदालोको विँडले प्रहार गरेको चोटको पीडाबाट मृतक खड्गबहादुरको सोही दिनको बेलुकी मृत्यु भएको पुष्टि हुँदा यस्तो स्थितिमा उल्लिखित जवर्जस्ती करणीको महलको ८ नं. को पछिल्लो खण्डको कानूनी व्यवस्था आकर्षित हुने अवस्था देखिन आएकोले निज प्रतिवादी सम्झना श्रेष्ठलाई सोही ऐनबमोजिम तजबिजी चार वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल पुस २ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको ०६३-CI-०२३३, जग्गा खिचोला चलन, *सत्यदेव साह वि. मीनादेवी साह*

प्रत्यर्थी वादी मीनादेवी साहले मिति २०४९।११।१ मा इनरूवा नगरपालिकामा घर बनाउन नक्सा पासको लागि पेश गरेको नक्साको साइट प्लानमा उत्तर र दक्षिणतर्फ खाली जग्गा छोडेको देखिए पनि पूर्व र पश्चिमपट्टि निजले आफ्नो सम्पूर्ण जग्गा ओगटेको भन्ने देखिएको, अदालतबाट मिति २०६०।१२।४ मा भई आएको नक्सा मुचुल्कामा उल्लिखित यी पुनरावेदक प्रतिवादीको भोगमा रहेको न.नं. ८ र ९ को जम्मा क्षेत्रफल ज.वि. ०-०-१७३/४ भई निजको स्रेस्ताअनुरूप ज.वि. ०-०-२१/४ जग्गा भोगमा न्यून भैरहेको देखिएको अवस्थामा प्रस्तुत मुद्दामा विवादमा नै नआएको न.नं. ७ को जग्गाबाट यी पुनरावेदक प्रतिवादीको जग्गा पुग्छ भन्ने अर्थ गरी निज पुनरावेदक प्रतिवादीको भोगमा रहेको न.नं. ९ को ज.वि. ०-०-३१/४ जग्गा निजले खिचोला गरेको भन्न नमिल्ने हुँदा वादी दावी नपुग्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६६-CR-००२८, आयकर, *ठूला करदाता कार्यालय ललितपुरकातर्फबाट प्रमुख कर प्रशासक खुमराज पुन्जाली वि. प्राइम इन्टरनेशनल प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त प्रवन्ध सञ्चालक मदनकृष्ण श्रेष्ठ*

कर्मचारीहरूले मासिक रूपमा भुक्तानी पाउने पारिश्रमिक रकम आयकर ऐनबमोजिम छूट पाउने सीमा (Ceiling) भन्दा बढी हुन गएमा स्वतः त्यस्तो पारिश्रमिकमा पनि कर लाग्ने अवस्था हुने भएकोले कम्पनीले आवश्यकताअनुसार आफ्ना कर्मचारीहरूलाई तलवी भर्पाईमा लेखी पारिश्रमिकको रूपमा विभिन्न किसिमका सुविधा दिनसक्ने नै हुन्छ । यस्तो अवस्थामा प्रत्यर्थी कम्पनीले आफ्ना कर्मचारीहरूलाई खाजा खर्चबापत भनी तलवी भर्पाईमा उल्लेख गरी दिएको रकम उक्त आयकर ऐन, २०३१ को दफा १२(ङ) बमोजिम आयबाट कट्टा हुनुपर्ने ।

व्यापारिक पक्षहरू बीच हुने सम्झौतामा यस्तो ब्याजसमेत थपी लिन पाउने शर्तहरू राख्नुको कारण उधारो दिने पक्षले वित्तीय संस्थाहरूबाट आफ्नो कारोवारको सिलसिलामा नपुग हुने रकम ऋणको रूपमा लिने र चुक्ता गर्न बाँकी त्यस्तो ऋणको ब्याज आफूले बुझाउन पर्ने भएकाले हो। संस्थाबाट लिएको चुक्ता गर्न बाँकी ऋणमा तिरेको ब्याज रकम त्यस्तो उधारो बिक्री गर्ने व्यापारिक कम्पनीले आयकर ऐन, २०३१ को दफा १२(ग) बमोजिम सम्बन्धित आयवर्षको आयमा कटाई खुद आय कायम गर्न दावी गर्न सक्ने भएकोले त्यसरी आफूले तिर्ने ब्याज आयबाट कट्टा गर्न दावी गर्ने पक्षले आफूले उठाउनु पर्ने उधारो कारोवारमा पनि बाँकी रहेको रकमको त्यही अनुपातमा ब्याज असूलउपर गरी आयमा देखाउनु वाञ्छनीय हुने।

वित्तीय संस्थाबाट ऋण लिई तिर्नुपर्ने ब्याज सम्बन्धित आर्थिक वर्षको आयबाट कटाई आयकर निर्धारण गर्न चाहने करदाताले अन्य कुनै व्यक्ति वा फर्मलाई दिएको सापटी, अधिक वर्ष सुविधा वा उधारोमा सामान बिक्री गरेको वा उधारो बिक्री (Credit Limit) दिएको अवस्थामा त्यसरी दिएको सापटी वा उधारो रकम बराबरको हुने ब्याज रकमलाई त्यस्तो करदाताको आय मान्नुपर्ने अथवा त्यस्तो करदाताले आयबाट छूट पाउने रकममा त्यस्तो सापटी वा उधारो दिएको रकमको ब्याज बराबरको रकम समावेश गर्न नमिल्ने भनी यस अदालतबाट २०६४-CR-०५२९ को ठूला करदाता कार्यालय, ललितपुर विरूद्ध मल्टी फाईवर्स लि. भएको मुद्दामा सिद्धान्त कायम भैसकेको देखिँदा यी प्रत्यर्थी प्राइम इन्टरनेशनल प्रा.लि. ले आ.व. २०५७/०५८ मा अन्य विभिन्न व्यापारिक फर्मलाई बिक्री गरेको उधारो कारोवारबाट प्राप्त हुनुपर्ने ब्याजसमेत कम्पनीको सो आ.व. को करयोग्य आयमा समावेश गर्नुपर्ने।

प्रत्यर्थी प्राइम इन्टरनेशनल प्रा.लि.ले आ.व. २०५७/०५८ मा अन्य व्यापारिक फर्मलाई उधारोमा सामान बिक्री गरेकोमा भुक्तानी पाउन बाँकी रकममा ३० दिन नाघेपछि १३ प्रतिशत ब्याज समेत थप गरी लिन पाउने शर्त उल्लेख भई भएको सम्झौताअनुरूप लिनुपर्ने ब्याज रकम रू. २५,१७,३३१।७९ लाई उल्लिखित आ.व. २०५७/०५८ को करयोग्य आयमा समावेश गर्ने गरी भएको ठूला करदाता कार्यालय, काठमाडौंको मिति २०६२।३।१२ को निर्णय र सोअनुरूप कर निर्धारण गर्ने गरी भएको २०६२।३।३१ को आदेश सदर हुने।

इजलास अधिकृतः रामप्रसाद शर्मा
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल कात्तिक २६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६५-WO-०५५४, उत्प्रेषण, परमादेश, *मेहदी हसन वि. राष्ट्रिय बीऊ विजन कम्पनी लि. के.का. समेत*

निवेदकले कम्पनीको कर्मचारी प्रशासन (दोस्रो संशोधन) विनियमावली, २०६२ को विनियम ३८(क) बमोजिमको बढुवा पदको नियुक्तिपत्र हालसम्म नबुझेकोले बुझ्नपाऊँ भनी राष्ट्रिय बीऊ बिजन कम्पनी लिमिटेडका प्रवन्ध सञ्चालकसमक्ष मिति २०६६।१२।२६ मा निवेदन दिएकोमा प्रवन्ध सञ्चालकबाट निजलाई नियुक्तिपत्र बुझाउने गरी मिति २०६६।१२।२६ मा आदेश समेत भएको देखिन्छ। कृषि अधिकृत पदमा आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति बदर गरिपाऊँ भन्ने निवेदन दावी रहे तापनि कार्यसम्पादन तथा मूल्याङ्कनद्वारा निवेदक बढुवा भै सो पदमा नियुक्ति लिइसकेको देखिनुका साथै आन्तरिक प्रतियोगिताद्वारा भएको बढुवा बदर हुनुपर्ने भनी तथ्यगत प्रमाण निवेदकबाट पेश हुन नसकेको अवस्थामा निवेदन माग दावीका सम्बन्धमा थप विचार गरिहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल मंसिर ११ गते रोज २ शुभम्।

- यसै प्रकृतिको २०६५-WO-०५५५, उत्प्रेषण, परमादेश, *लक्ष्मण यादव वि. राष्ट्रिय बीऊ विजन कम्पनी लिमिटेड केन्द्रीय कार्यालय, काठमाडौं समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CI-०११२, छूट जग्गा दर्ता, *मालपोत कार्यालय, उदयपुर, गाईघाट वि. गुलाई पञ्जियार*

साविक कि.नं. बाट कित्ताफोड भई आएको कि.नं. ५०१ को जग्गा वादीको नाउँमा छूट जग्गा दर्ता हुने मालपोत कार्यालयको निर्णय पछि सोही निर्णय समेतका आधारमा नेपाल सरकारको नाउँमा दर्ता भएको कि.नं. ५०२ को जग्गा समेत छूट जग्गा दर्ता गरिपाऊँ भनी दावी लिएको विषयमा तथ्यमा प्रवेश गरी न्यायिक निरूपण गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६-MS-०००४, मोही हदबन्दी लगत कट्टा, *अकुनिसा पठान्नी वि. जुबेदा खातुन*

मुद्दामा विवादित प्रश्नहरूको एकैपटक निरूपण हुनु पर्दछ । सो हुन नसकेको खण्डमा मुद्दाको निप्टारा हुन लामो समय लाग्न गई अदालतको समय वर्वाद हुनुको साथै पक्षले समेत हैरानी व्यहोर्नु पर्ने हुन्छ, जुन न्यायिक दृष्टिले उपयुक्त मान्न सकिँदैन । प्रस्तुत मुद्दामा विवादित जग्गाका सम्बन्धमा पुनरावेदक वादीको दावीबमोजिम मोही लगत कट्टा हुने नहुने विवाद विचाराधीन रहेको अवस्थामा भुलन खाँको छोरी विपक्षी जुवेदा खातुनको नाउँमा मोही नामसारी निर्णय भैसकेको भन्ने देखिनुका साथै भुलन खाँको छोरा भनी नासिर अहमद खाँले मोही नामसारी निर्णय बदर गरिपाऊँ भनी दिएको फिराद समेतका सम्पूर्ण विवादित प्रश्नका विषयका सम्बन्धमा एकैसाथ हेरी न्यायिक निरूपण गर्नुपर्ने ।

मोही लगत कट्टा गरिपाऊँ भन्ने निवेदनबाट कारवाही उठेको प्रस्तुत मुद्दामा उल्लिखित विवादित विषयहरूको समेत निरूपण एकैसाथ हुन उपयुक्त एवं मनासिव देखिँदा सो निर्णयार्थ शुरू मालपोत कार्यालयमा पठाउनु पर्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल असोज ५ गते रोज ६ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६५-CR-०००**६, ०३७०,** कुटपीट, लुटपीट, *कुमार इवारम लिम्बू वि. चन्द्रविक्रम थेवे समेत, चन्द्रविक्रम थेवे समेत वि. कुमार इवारम लिम्बू*

प्रतिवादीहरूले यो यस हतियारले यो यस स्थान र सयमा यस किसिमबाट आफूलाई कुटपीट गरेको हुन् भनी किटानीसाथ फिरादमा उल्लेख गर्न सकेको देखिँदैन । प्रत्यक्षदर्शी भनिएका वादीका साक्षीले यी प्रतिवादीहरू समेतले यो यस प्रकारले चोट छाडी वादीलाई कुटपीट गरेका थिए भनी स्पष्ट एवं तथ्यपूर्ण रूपमा बकपत्र गरिदिएको देखिँदैन । यी प्रतिवादीहरूले वादीलाई लाठीले हिर्काई घाइते बनाएका हुन् भन्ने वादीका साक्षीको कथन रहेको देखिन्छ । तर घा जाँच केश फारामबाट निज वादीको शरीरमा लाठी प्रहारबाट हुन सक्ने नीलडाम वा त्यस्तो अन्य कुनै चोटपटक केही देखिँदैन । तसर्थ यी प्रतिवादीहरू उपरको वादी दावी मिसिल संलग्न कुनै निश्चयात्मक प्रमाणबाट समर्थित हुन आएको नदेखिँदा प्रतिवादी शुक्र चोङ्वाङ्ग, अम्बिका थेवे र वीरकुमार थेवे समेतलाई सजाय गरिपाऊँ भन्ने वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०६९ साल असार २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६६-WO-०७९९, उत्प्रेषण, *प्रकाश राज वि. गृह मन्त्रालय समेत*

यी रिट निवेदकले अदालतमा अंश मुद्दा र कीर्ते जालसाजी मुद्दा दायर गरेको र नाता सम्बन्धमा विवाद उत्पन्न भएको देखिएकोले उक्त मुद्दाहरूमा प्रत्यर्थी प्रदीपराज पाण्डेको नागरिकता दाखिल गर्न लगाई त्यसमा लेखिएको व्यहोराको सम्बन्धमा सद्दे कीर्तेतर्फ बयान गर्ने, सनाखत गराउने, निवेदक र प्रत्यर्थी प्रदीपराजका बीचको नाता कायम गर्ने सम्बन्धमा जो जे प्रमाण बुझ्नुपर्छ बुझी वादी प्रतिवादीका बीचको नाता सम्बन्ध यकीन गरी अंश पाउने, नपाउने तथा नागरिकता कीर्ते ठहर्ने नठहर्ने भन्ने समेतका विषयमा अदालतबाट ठहर निर्णय हुन बाँकी नै रहेको छ । ती मुद्दाहरूमा अधिकारप्राप्त र सक्षम अदालतबाट निर्णय हुनु पूर्व नै यी निवेदकले नागरिकतामा जनिएको नाता सम्बन्धका विषयमा भएको जिल्ला प्रशासन कार्यालय तथा गृह मन्त्रालयको निर्णय बदर गराउन प्रस्तुत रिट निवेदन लिई यस अदालतमा प्रवेश गरेको देखिन आएको छ । यस्तो स्थितिमा साधारण अधिकारक्षेत्र अन्तर्गत अदालतमा विचाराधीन रहेका मुद्दाहरूमा प्रत्यक्ष असर पुग्ने गरी प्रत्यर्थी प्रदीपराजले लिएको नागरिकताको विषयमा प्रस्तुत रिटबाट बोल्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल भदौ ११ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको CR-०४१५, जवर्जस्ती करणी, *नेपाल सरकार वि. शुक्रबहादुर नेपाली (सार्की)*

कुनै मुद्दामा मुद्दाको कुनै पक्ष वा साक्षी समेतको उमेरको सम्बन्धमा विवाद उठेको अवस्थामा कानूनद्वारा निर्धारित विधि वा प्रक्रियाद्वारा अथवा आधिकारिक निकायबाट पीडितको उमेर परीक्षण गरी उमेर निर्धारण गर्नुपर्ने हुन्छ । तर सोसम्बन्धी कानूनबमोजिमको कुनै तथ्यपूर्ण आधार र निश्चयात्मक प्रमाण वादी नेपाल सरकारबाट पेश हुन सकेको देखिँदैन । बाल न्याय (कार्यविधि) नियमावली, २०६३ को नियम १५ मा बालकको उमेरसम्बन्धी विवाद भएमा बाल अदालत वा बाल इजलासले निम्न कागजातको आधारमा बालकको उमेर निर्धारण गर्नु पर्नेछ भन्दै (क) अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति (ख) सोबमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति (ग) सो नभएमा विद्यालय चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाको बखत उल्लेख गरेको जन्म मिति तथा (घ) सो नभए सरकारी अस्पतालबाट प्रमाणित उमेरको आधारमा बालकको उमेर निर्धारण गर्नुपर्ने भन्ने कानूनी व्यवस्था रहेको छ । तर प्रस्तुत मुद्दामा पीडितको उमेरसम्बन्धमा त्यस्तो कुनै प्रमाणयोग्य आधार वा पत्र वा परीक्षण प्रतिवेदन वादीले पेश गर्न नसकेको अवस्थामा स्वयं पीडितले आफ्नो उमेर १७ वर्ष भनी अदालतमा बकपत्र गर्दा उल्लेख गरेको देखिँदा वारदातको अवस्था निजको उमेर १६ वर्ष पूरा भैसकेको मान्नुपर्ने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल साउन ३१ गते रोज ४ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रकाश वस्ती,** ०६५-CI-००१०, निर्णय बदर दर्ता समेत, *विन्दु माधव उपाध्याय समेत वि. अमृतबहादुर थापाको मु.स.गर्ने रश्मी अमात्य समेत*

वादीहरूले मोहीलाई छोडपत्र गरिदिइसकेको जग्गाको क्षेत्रफलसमेत हाल नापी हुँदा कायमी कित्तामा कायम हुनु पर्दथ्यो भन्ने दावी आफूले एक पटक हक छाडी दिइसकेको कुरामा दोहोरो फाइदा लिन खोजेको देखिएबाट न्यायोचित तथा कानूनसम्मत देखिन आएन । आफूले हक छाडी दिएको मोहीको हक समेत आफूकोमा नै दावी गर्न मिल्ने समेत देखिँदैन । यस सम्बन्धमा मोहीबाट उजूर नालिस समेत नपरेको अवस्थामा फिराद दावी तथा पुनरावेदन जिकीरसँग सहमत हुन

सकिएन । यस स्थितिमा वादीहरूका नाउँमा अस्थायी नापी दर्ता भै बाँकी रहेको ज.रो. ३-६-१-२ जग्गा निजहरूले मोहीलाई मिति २०४४।१२।१७ मा ज.रो. १-२-०-० जग्गा छोडपत्र गरिदिएपश्चात् बाँकी रहेको ज.रो. २-१४-०-० जग्गा साविकभन्दा बढी नै देखिएको अवस्थामा प्रतिवादीको कि.नं. ४४ र कि.नं. ४५ मा घुसाई ३ नं. नापी टोलीले २०४५।५।१० मा नापी गर्ने गरेको निर्णय बदर गरी वादीहरूको नाममा छुट्टाछुट्टै कित्ताकाट गरी दर्ता कायम गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असोज १६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** पुनरावेदन नं. ०६६-CI-०२६४, लिज करारबमोजिमको मालवस्तु नउठाउने र पुनः करारको आदेश, *इरकन इन्टरनेशनल लि. को तर्फबाट अधिकारप्राप्त कार्यालय प्रमुख परियोजना प्रवन्धक एस.के. सावत वि. रावनीदेवी महतो*

करारको प्रस्तावउपर अर्को पक्षले स्वीकृति जनाएको वा प्रस्तावअनुरूप कुनै कुरा ग्रहण गरेको वा स्वीकार गरेको पुष्टि भएमा करार ऐन, २०५६ को दफा ७ बमोजिम त्यस्तो अवस्थामा स्वीकृति जनाएको अर्थ गर्न सकिने हुन्छ । यस मुद्दामा करारको अवधि समाप्त भएपछि पुनः करारको अवधि बढाउन यी पुनरावेदकले प्रत्यर्थीउपर पत्राचार गरेको भने पनि त्यसउपर प्रत्यर्थीले कुनै चासो नराखेको अवस्थामा स्वीकृती प्रदान गरेको मान्न कानूनतः मिल्दैन । अर्को पक्षको स्वतन्त्र सहमतिबिना करार गर्न वा पुनः करार गर्न अदालतले बाध्य गराउन नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल बैशाख ३१ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** पुनरावेदन नम्बर ०६५-CI-०८७३, ०८७४, पर्खाल भत्काई जग्गा खिचोला मेटाइपाऊँ, *उर्मीला बस्नेत समेत वि. शिवबहादुर बस्नेत समेत, कृष्णबहादुर बस्नेत वि. शिवबहादुर बस्नेत समेत*

प्रतिवादीहरूले भोग गरेको जग्गादेखि उत्तरतर्फको बाटोलाई वादीहरूले आफ्नो जग्गाको दक्षिणतर्फको सीमाको रूपमा रहेको स्वीकार गरेको पनि देखिएको छैन । न त सो बाटोदेखि दक्षिणतर्फको कि.नं. ७५५ को जग्गा पुनरावेदक प्रतिवादीहरूलाई कानूनबमोजिम हक छोडी दिएको नै देखिन्छ । केवल बाटो उपभोग गर्न दिएको भनेको घरायसी कागजको आधारमा बाटोको दक्षिणतर्फको जग्गा नै छाडिदिएको भनी अर्थ गर्न मिल्ने हुँदैन । विवादित जग्गा बाहेक अंशबण्डाबाट प्राप्त गरेको परिमाणमा प्रत्यर्थी वादीको जग्गा रहेको भन्ने पुनरावेदकहरूले देखाउन नसकेको अवस्थामा नक्सा प्रकृति तथा नक्सा मुचुल्काबाट देखिएको तथ्यगत परिवेशलाई दृष्टिगत गरी पुनरावेदक प्रतिवादीहरूले वादीको जग्गा आफ्नो जग्गामा घुसाई पर्खाल लगाई खिचोला गरेको देखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

इति संवत् २०६९ साल बैशाख ३१ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** ०६३-CI-१२४८, भरेङ्ग बाटो कायम गरिपाऊँ, *चन्द्रमान नान्जू समेत वि. कृष्णभक्त खयरगोली समेत*

विधिशास्त्रीय मान्यतामा स्वामित्वको अभाव भए पनि निकासको सुविधाको दृष्टिले निरन्तर रूपमा भोग चलन गरिरहेको बाटो, भऱ्याङ आदिलाई विशेषाधिकार (Servitude) को रूपमा लिइन्छ । यस्तो विशेषाधिकार (Servitude) भनेकै कुनै वस्तु एकाको स्वामित्वमा भए पनि निकास आदिमा सो वस्तुउपर अरूको कायम रहेको भोगाधिकारको हकलाई सुनिश्चित गर्ने भन्ने हो । २०३७ सालमा प्रतिवादी तर्फबाट खरीद गरेको भने पनि विवादको भऱ्याङका विषयमा प्रतिवादीका निरपेक्ष हक रहने गरी कुनै कुरा बोलेको देखिँदैन । वादीको घरसम्म जानको लागि न.नं. १३ को विवादित भऱ्याङ बाहेक

अर्को भऱ्याङको अस्तित्व नक्साबाट देखिँदैन । न.नं. १०, ११ र १२ मा घरमुनिको बाटो देखिएको भए पनि वादीको घरको माथिल्लो तल्लामा जानलाई त्यति बाटो मात्रैले सम्भव नहुने भई विवादित भऱ्याङको आवश्यकता पर्ने देखिँदा विवादित न.नं. १३ को भऱ्याङ कि.नं. ३४० र ३४१ को घरजग्गाको लागि साझा कायम हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल असार १९ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६५-CI-००५८, लेनदेन, *त्रिलोकीप्रसाद यादव वि. मु.स. गर्ने रामरती अहिर्नी*

विशेषज्ञले विवादित लिखत परीक्षण गरी दिएको प्रतिवेदन हेर्दा कपाली तमसूकको शीर पुछारमा लागेको कारणीको बायाँ ल्याप्चेछाप र नमूनाको बायाँ जनिएको ल्याप्चेछापको जातजातमा मेल गरेको, नमूना ल्याप्चेछापमा रेखाका गुणहरू प्रष्ट नभएकोले गुणहरू भिडाउन नसकिएको भन्ने उल्लेख गर्दै लिखतमा शीरतर्फ लागेको ल्याप्चेछापलाई व्यहोराले थिचेको देखिएको र मिति पुछारमा लागेको ल्याप्चेछाप व्यहोराको हरफलाई नछोई तलपट्टि लाग्न गएको भन्ने उल्लेख गरेको देखिन्छ । विशेषज्ञले दिएको राय अन्यथा भन्ने देखिएको छैन । साथै विवादित लिखतलाई इजलासबाट अवलोकन गरिँदा पनि मिति लेखी लिखत व्यहोरा बन्द गरेपछि लगाइएको ल्याप्चेछापले मिति बन्दलाई छोएको देखिँदैन । उल्लिखित तथ्य प्रमाणबाट विवादित लिखतमा पहिले व्यहोरा लेखी पछि सहिछाप गराएको भन्ने देखिन नआएकोले विवादित लिखत कानूनको रीतअनुकूलको देखिन नआउने ।

विवादित लिखत लिफा कागजमा खडा गरिएको भन्ने देखिन आएपछि त्यसमा लागेको सहिछाप मिल्न भिड्न आएकै आधारमा कीर्ते होइन भन्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५-CR-०४१३, सरकारी छाप दस्तखत कीर्ते तथा ठगी, *अशोककुमार सुनुवार वि. नेपाल सरकार*

मानिस विदेश पठाउने क्रममा तयार हुने भीसा, पासपोर्ट जस्ता सरकारी कागजमा सच्याउने फोटो परिवर्तन गर्ने समेतका कार्य गरी नक्कली कागजात तयार पारेको, ती बरामद भै आएका कागजातबाट पुष्टि भइरहेको समेतबाट निजले भनेजस्तो वैदेशिक रोजगारको कुरा नभई रीतपूर्वकको सहिछाप भइरहेको लिखतमा लेखिएको व्यहोरालाई कुनै तरीकाबाट उडाई अर्कै व्यहोरा पारी मिलाई लेखी फोटो टाँसी सच्याई बनाएको झूठो व्यहोरा प्रतीत पार्ने हिसाबबाट पीडितलाई दिएको भै बनाएको पासपोर्ट भीसासमेतको कागजात बरामद भएको र त्यस्तो कागजातको परीक्षणबाट समेत कीर्ते देखिएको यस्तो कार्यमा पुनरावेदकले भने जस्तो वैदेशिक रोजगार ऐन, आकृष्ट हुने अवस्था नदेखिने ।

पासपोर्टमा भएको फोटो तथा नम्बर र भीसासमेतका कागजातलाई परिवर्तन गरी सच्याई बनाएको र परीक्षणबाट कीर्ते देखिएको त्यस्तो झूठा कुरालाई सद्दे हो भनी जाल परिपञ्च गरी झुक्याई गफलतमा पारी ती कीर्ते पासपोर्ट, भीसा प्रयोग गरी विदेश पठाउने भनी रकम लिने खाने गरेको कार्यलाई ठगीको परिभाषाभित्र नसमेटिने भन्ने पनि देखिन्न । किनकि निज प्रतिवादीले अर्काको पासपोर्टको फोटो, नम्बर तथा भीसासमेतका कागजातलाई परिवर्तन गरी अर्कोलाई विदेशमा रोजगारीको लागि पठाउने भनी मनसायपूर्वक तयारी गरी रकम लिएको कार्यलाई कीर्ते तथा ठगीको महलअन्तर्गत कसूरभित्र नपर्ने भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल बैशाख १८ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७-CR-०५१०, सवारी ज्यान, *नेपाल सरकार वि. रमेश पोखरेल*

सवारी दुर्घटनाबाट मानिस मर्नु दुःखद घटना भए पनि घटना घट्नु नै लापरवाहीपूर्वक सवारी चलाएको पुष्टि हुने आधार होइन। लापरवाहीपूर्वक सवारी साधन चलाएको भन्ने प्रमाणबाट देखिनु पर्दछ। उल्लिखित परिप्रेक्ष्यमा मिसिल प्रमाणबाट देखिएको तथ्यगत परिवेशलाई विश्लेषण गरी पुनरावेदन अदालतले प्रत्यर्थी प्रतिवादीको लापरवाही नदेखिएको भनी गरेको फैसला अन्यथा नदेखिने।

प्रतिवादीलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम कैद वर्ष १ तथा रू. २,०००।- जरीवाना गर्ने गरी शुरू तनहुँ जिल्ला अदालतबाट मिति २०६६।११।१२ मा भएको फैसला केही उल्टी गरी प्रत्यर्थी प्रतिवादी रमेश पोखरेललाई सोही दफा १६१(३) बमोजिम निज थुनामा बसेको अवधि ८ (आठ) महिना कैद तथा रू. २,०००।- जरीवाना हुने।

इजलास अधिकृतः दीपक दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम्।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** रिट नम्बर ०६६-WO-१३५१, उत्प्रेषणयुक्त परमादेश, *बासुदेव थापा वि. अनिलकुमार श्रेष्ठ समेत*

निवेदकले पुनरावेदन अदालत, विराटनगरमा विचाराधीन रहेको भनी उल्लेख गरेको दे.पु.नं. ०४-०६६-००३९७ को करारनामाको शर्त पालना गराई जग्गा फिर्ता गराई पाऊँ भन्ने मुद्दा उक्त अदालतबाट २०६७।६।७ मा दावी पुग्न नसक्ने ठहऱ्याएको शुरू मोरङ जिल्ला अदालतको मिति २०६५।१२।५ को फैसला सदर गरी पुनरावेदन अदालतबाट फैसला भएको प्रत्यर्थी अनिलकुमार श्रेष्ठको लिखित जवाफसाथ प्रेषित फैसलाको प्रमाणित प्रतिलिपिबाट देखिएको छ। सो फैसलाउपर पुनरावेदन नपरी अन्तिम भएको भन्ने देखिएको र रिट निवेदकको माग समेत सो मुद्दाको अन्तिम फैसला नभएसम्मको लागि मात्र फैसला कार्यान्वयनको लिलामसम्बन्धी कार्य स्थगित गर्न माग गरेको अवस्था हुँदा प्रस्तुत रिट निवेदनको औचित्य स्वतः समाप्त भैसकेको अवस्था देखिँदा थप विवेचना गरिरहन नपर्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल मंसिर १ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** पुनरावेदन ०६५-CI-०२६७, अंश, *सुरज राय यादव वि. सुवाई राय यादव समेत*

आफू समानका सगोलका कुनै अंशियारलाई निजी तवरले बकसको माध्यमबाट कुनै सम्पत्ति दिएको रहेछ भने पनि अंशबण्डाको महलको १८ नं. ले त्यस्तो सम्पत्ति बकस पाउनेको निजी भै बण्डा गर्न कर नलाग्ने कानूनी व्यवस्था छ। उक्त कानूनी व्यवस्थाअनुरूप सगोलको कुनै अंशियारले निजी रूपमा बकसको रूपमा प्राप्त गरेको सम्पत्ति बण्डा गर्न कर नलाग्ने अवस्थामा जे जस्ता तर्क अगाडि सारे पनि त्यस्तो बकसको रूपमा प्राप्त गरेको जग्गालाई प्रमाण ऐन, २०३१ को दफा ६क बमोजिम सगोलका भाइ नाताका अंशियारको पनि अंश लाग्ने सम्पत्ति भन्न नमिल्ने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल जेठ ३ गते रोज ४ शुभम्।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-०९९७, उत्प्रेषण तथा परमादेश, *चन्द्रकुमारी बज्राचार्य वि. कर्णशेखर बज्राचार्य समेत*

शुरू फिराद दावीमा नै संयुक्त रूपमा आफ्नो हिस्सा छुट्ट्याई पाऊँ भन्ने दावी नलिई आफ्नो भाग हिस्सा छुट्टाछुट्टै दिलाई पाउन माग गरेको अवस्थामा बण्डा छुट्ट्याउनु पर्ने सम्पत्तिलाई अलगअलग भाग लगाई गोला हाली पाँच भागको दुई भाग अलगअलग

छुट्ट्याउने गरी भएको पाल्पा जिल्ला अदालत तहसील शाखाको कामकारवाही कानूनसम्मत नै देखिएको अवस्थामा सोलाई बदर गरी पाँच भागको दुई भाग संयुक्त रूपमा बण्डा छुट्ट्याई दिनु भनी भएको पुनरावेदन अदालत, बुटवलको २०६६।११।६ को आदेश मुलुकी ऐन, अंशबण्डाको २८ नं. को व्यवस्थाअनुकूल नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । बण्डा मुचुल्का तथा तामेली आदेश समेत सदर कायमै हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** पुनरावेदन नं. ०६७-CR-०१५०, डाँका चोरी, *नेपाल सरकार वि. खिमबहादुर पुन समेत*

मुलुकी ऐन, चोरीको महलको १२ नं. मा साधारण चोरीको सजायसम्बन्धी व्यवस्था गरिएको र साधारण चोरीको कसूरमा बिगोबमोजिम जरीवाना र पटकको आधारमा कैदमा क्रमशः पहिलो पटकको लाई एक महिना, दोस्रो पटकको लाई तीन महिना तेस्रो पटकको लाई छ महिना, चौथो पटकको लाई एक वर्ष, पाँचौं पटकको लाई दुई वर्ष, छैठौं पटकको लाई चार वर्ष र सोभन्दा माथि जतिसुकै पटकको लाई ५ वर्ष कैद गर्नुपर्ने उल्लेख छ । त्यसैगरी सोही महलको १४(४) नं. मा डाँका गर्नेलाई बिगोको डेढी बढाई जरीवाना गरी पहिलो पटकको लाई छ वर्ष, दोस्रो पटकको लाई नौ वर्ष, तेस्रो पटक देखिकोलाई जतिसुकै पटकको भए पनि बाह्र वर्ष कैद समेत गर्नु पर्दछ भन्ने उल्लेख भएको छ । साधारण चोरी र डाँकाको कसूरमा पटक कायम गर्ने सम्बन्धमा पृथकपृथक कानूनी व्यवस्था भएकोले चोरीको कसूरलाई डाँकाको कसूरमा पटके कायम गर्न नमिल्ने ।

इजलास अधिकृतः दिपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल असार २७ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** पुनरावेदन नं. ०६७-CR-०१५५, डाँका चोरी, *नेपाल सरकार वि. खिमबहादुर पुन समेत*

डाँका गर्न आउने डाँकाहरूको संख्या यति नै रहेको भनी जाहेरवालाले यकीन गरी भन्न नसकी ५।७ जना रहेको भन्नेसम्म उल्लेख गरेको र यी प्रतिवादीहरू पक्राउ परेपछि निजको पसल र घरबाट पनि चोरी गरेको भनेबाट निजहरूले चोरी गरेको थाहा भएको भन्ने उल्लेख गरेको यी प्रतिवादीहरूको कसूरमा संलग्नताको सम्बन्धमा निज प्रतिवादीहरू पक्राउ पर्नु अगाडि जाहेरवालालाई नै ज्ञात नभएको अवस्था छ । प्रस्तुत वारदात गरेकोमा सावित भएका खिमबहादुर र हेमराजले प्रतिवादीहरू जानसिँह र पूर्णबहादुर बाहेकको चारजनाले मात्र जाहेरवालाको घर पसलमा चोरी गरेको भनी स्वीकार गरेको, प्रतिवादीहरू पूर्णबहादुर वि.क. र जानसिंह जि.सी. मौकामा तथा अदालतमा समेत कसूर गरेमा इन्कार रहेको तथा जाहेरवालाको अनुमानित भनाई बाहेक प्रस्तुत वारदातमा संलग्न प्रतिवादीहरूको संख्या चार जनाभन्दा बढी रहेको भन्ने मिसिलबाट पुष्टि भएको छैन । मुलुकी ऐन, चोरीको ६ नं. को व्यवस्थालाई हेर्दा चार जनाभन्दा बढ्ताको जमात भई चोरी गरेको डाँका गरेको ठहर्छ भनी डाँकाको वारदात कायम हुन चोरी गर्नेको संख्या चारभन्दा बढी हुनुपर्ने भनी चोरी र डाँकाको कसूर निर्धारणमा संख्यात्मक संलग्नतालाई नै आधार मानेको देखिन्छ । जम्मा छ जना प्रतिवादीहरूमध्ये दुई जनाको कसूरमा संलग्नता नदेखिएको अवस्थामा प्रस्तुत वारदात डाँकाको भन्न नसकिने भै साधारण चोरीको कसूर ठहर्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल असार २७ गते रोज ४ शुभम् ।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** पुनरावेदन नं. ०६६-CR-०२७८, कर्तव्य ज्यान, *राते बोटे वि. नेपाल सरकार*

मृतकको टाउकाको हड्डी फुटी गिदीसमेत निस्कने गरी पटकपटक गरिएको प्रहारलाई मनसाय बिनाको प्रहार भन्न सकिने स्थिति छैन । आवेशप्रेरित हत्या हुनको लागि ज्यानसम्बन्धी महलको १४ नम्बरमा उल्लिखित अवस्था रहेको वस्तुनिष्ठ आधारबाट अदालतलाई विश्वास दिलाउनु पर्दछ । यस मुद्दाको वारदात आवेशप्रेरित अवस्थामा घटित भएको भन्ने देखिने कुनै प्रमाण तथा वस्तुतथ्य मिसिलबाट देखिन आएको छैन । पुनरावेदक प्रतिवादीले प्रस्तुत वारदातलाई भवितव्य भएको आवेशमा आई भएको भन्ने जस्तो मनोगत तथ्यहरू अगाडि सारेको भए पनि आफूले लिएको जिकीरलाई प्रमाण ऐन, २०३१ को दफा २७ बमोजिम पुष्टि नगराएको अवस्था तथा मृतक लासको प्रकृतिलाई दृष्टिगत गर्दा यी पुनरावेदक प्रतिवादी राते बोटेलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नम्बरबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

लासको प्रकृति हेर्दा टाउको जस्तो संवेदनशील भागमा दाउराको चिरपटले रातको समयमा पटक-पटक हिर्काई गिदी समेत निस्किएको देखिएको अवस्थाले मृतकउपर पुनरावेदक प्रतिवादीको क्रूरता स्पष्ट देखिन आउँछ । क्रूरतापूर्वक हिकाई मारेको अवस्थामा यी पुनरावेदक प्रतिवादीलाई कानूनबमोजिमको सजाय गर्दा चर्को पर्ने कुनै आधार देखिन नआएकोले अ.वं. १८८ को कानूनी व्यवस्थाको आडमा यी पुनरावेदक प्रतिवादीलाई १० वर्ष कैद गर्न पुनरावेदन अदालतले जाहेर गरेको राय मनासिव नदेखिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल असार २७ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नम्बर ०६६-WO-११०१, उत्प्रेषणयुक्त परमादेश, *उगमी तेलीन वि. जयप्रकाश केशरी समेत*

निवेदिकाका पतिले म्याद नबुझेको र निजको पतिको नामबाट उनाउ व्यक्तिले म्याद बुझी ल्याप्चे सहिछाप गरेको र सो कार्यबाट निवेदिकाको हक गएको भए त्यस कार्यमा संलग्न व्यक्तिउपर मुलुकी ऐन, कीर्ते कागजको महलबमोजिम साधारण उपचारात्मक कारवाही चलाउन पाउने अधिकार रिट निवेदिकालाई रहे भएकै देखिन्छ । त्यसरी कारवाही चलाउँदा जारी भएको म्याद कीर्ते वा जालसाजी गरी तामेल भएको ठहर भएमा सोही मुद्दाबाटै निवेदिकाले उपचार पाउने अवस्था रहेको नै देखिन्छ । यसरी प्रचलित कानूनबमोजिम साधारण अधिकारक्षेत्र अन्तर्गत कारवाही गरी उपचार पाउन सक्ने प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था भएकोमा त्यसतर्फ कारवाही नचलाई असाधारण अधिकारक्षेत्र अन्तर्गत रिट निवेदन दिए पनि खोजेको उपचार प्राप्त हुन सक्ने अवस्था हुँदैन, यो रिट निवेदनको सारभूत मान्यता हो । यसको साथै रिट निवेदिकाले वेरीतको भनी दावी गरेको म्याद कानूनबमोजिम रीतपूर्वक तामेल भएको देखिएको भनी पुनरावेदन तहबाट परीक्षण भैसकेको समेत देखिएको अवस्था हुँदा प्रस्तुत रिट निवेदन जारी हुने अवस्था नदेखिएकोले खारेज हुने ।

इजलास अधिकृतः दीपकुमार दाहाल
इति संवत् २०६८ साल फागुन १९ गते रोज ६ शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-WO-०७४४, उत्प्रेषण, *अनिता खनाल चौधरी समेत वि. प्रमुख नेपालगञ्ज नगरपालिका कार्यालय, नेपालगञ्ज बाँके समेत*

निवेदकहरू नगरपालिकाभित्रको स्वीकृत दरबन्दीअनुसारको पदमा कार्यरत् कर्मचारी नभएको स्थिति भनेको उनीहरू सोही नगरपालिकाभित्रको स्वीकृत दरबन्दीमा कार्यरत् कर्मचारीहरू भन्दा फरक स्थितिमा रहेको देखिनु हो । अर्थात् दुई फरकफरक अवस्थामा रहेका कर्मचारीहरूलाई समान तरीकाले संशोधित नियमावलीको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ नियम २१३क बमोजिमको विशेष व्यवस्था अन्तर्गत पदपूर्ति गर्नु भन्नु समानतको सिद्धान्तको अनुकूल नभई झन प्रतिकूल हुने भई नगरपालिकाकै स्वीकृत दरबन्दीमा

काम गरिरहेकाको हकमा भेदभावजन्यताको स्थिति सिर्जना हुन पुग्छ । यसरी फरकफरक अवस्थामा रहेको कर्मचारीहरुको बीचमा असमान एवं पूरक किसिमको व्योहोरा गर्नु नगरपालिकाको स्वीकृत दरवन्दीमा नियुक्ति भएकाहरुले मात्र उक्त संशोधित नियमावलीको नियम २१३क बमोजिमको आन्तरिक प्रतिस्पार्धामा भाग लिन पाउने र निवेदकहरूले सोअनुसारको आन्तरिक प्रतिस्पार्धामा भाग लिन नपाउने र खुल्ला प्रतिस्पार्धाको लागि भने निवेदकहरूलाई कुनै किसिमको रोक लगाइएको अवस्था नपाइँदा निवेदकहरूलाई भेदभावपूर्ण व्यवहारहरू गरिएको भन्न मिलेन । अर्थात् UNDP बाट सञ्चालित गाउँ नगर साझेदारी विकास कार्यक्रम नगरपालिकामा आन्तरिकीकरण गरी गाउँ नगर साझेदारी विकास शाखाको स्थापना गर्न सोका लागि कर्मचारीको दरबन्दी स्वीकृत गर्ने गरी नगर परिषद्बाट मिति २०६३।१२।८ मा भएको निर्णयलाई कार्यान्वयन गर्ने सन्दर्भमा गर्न लागिएको कर्मचारी पदपूर्तिसम्बन्धी प्रकाशित विज्ञापनबाट रिट निवेदकहरूको कानूनप्रदत्त एवं संविधानप्रदत्त समानताको हकको उल्लंघन भएको अवस्था नदेखिँदा रिट निवेदकहरूको मागबमोजिमको आदेश जारी गर्न मिलेन । निवेदकहरूको रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल असार ४ गते रोज २ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** रिट नं. ०६७-WO-११०७, उत्प्रेषण, *शेखरकुमार यादव वि. प्रशासकीय अदालत समेत*

रिट निवेदकउपर गरिएको कारवाही र सजायमा कुनै कानूनको प्रत्यक्ष त्रुटि भएको भन्न नदेखिएकाले तथ्यगत कुराहरूमा प्रवेश गर्न र यी रिट निवेदकको कार्यक्षेत्रभित्र भएको वन विनाससम्बन्धी प्रमाणहरूको विवेचना रिट निवेदनबाट गर्न नमिल्ने हुँदा निवेदकलाई विभागीय सजाय गर्ने निर्णय र प्रशासकीय अदालतले गरेको निर्णय बदर गर्ने गरी निवेदन माग बमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल भदौ १२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतरज उप्रेती,** रिट नं. ०६५-WO-०३४२, उत्प्रेषण, परमादेश, *केशवकुमार शर्मा वि. भूमिसुधार कार्यालय काठमाडौं समेत*

विवादको कि.नं. २१६३ को ०-२-३-२ जग्गाको आधार जग्गामा मोहीको निर्विवाद स्वामित्वको सिर्जना भूमिसम्बन्धी ऐनले गरिसकेको छ । निजी गुठीको जग्गा भएको कारण जग्गाधनीको भागमा पर्ने आधा जग्गाको मूल्य मोहीले ज.ध.को नाममा अक्षयकोषमा रहने गरी धरौटीमा राखी सो जग्गा रैकरमा परिणत हुने भएपछि बाँकी आधा मोहीको भागमा पर्ने जग्गा पनि रैकरमा परिणत गर्नुपर्नेमा मोहीलाई नै गुठीयार कायम गर्ने गरी मोहीको स्वामित्वको जग्गालाई यथावत निजी गुठी कायम गरेको हदसम्म भूमिसुधार कार्यालय, काठमाडौंको २०६४।६।१६ को निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को प्रतिकूल देखिने हुँदा भूमिसुधार कार्यालय, काठमाडौंको मिति २०६४।६।१६ को निर्णयमा रिट निवेदकले मोहीको भागबापत पाएको जग्गामा यी रिट निवेदकको पूर्ण स्वामित्व कायम नगरेको हदसम्म त्रुटिपूर्ण भएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । यी रिट निवेदकको भागमा परेको आधा जग्गा समेत रैकरमा परिणत गरी जग्गाधनी प्रमाणपूर्जा दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल भदौ १० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** पुनरावेदन नं. ०६७-CI-१४८९, निषेधाज्ञा, परमादेश, *जिल्ला विकास समितिको कार्यालय, सर्लाही मलंगवाको तर्फबाट अख्तियारप्राप्त दिलीपकुमार झा समेत वि. लक्ष्मीनारायण महतो समेत*

स्थानीय विकास मन्त्रालयको २०६३।१०।११ को निर्णय स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ र स्थानीय पूर्वाधार विकास नीति, २०६१ र जिल्ला विकास समितिको कार्यालयको मौजुदा संरचनाको परिधिभित्र रही जिल्ला विकास समिति तथा जिल्ला प्राविधिक कार्यालयको काम, कर्तव्य र अधिकारमा स्पष्टता ल्याउन आवश्यक देखिएकाले कार्यालय सम्बन्धमा आदेश र नियन्त्रण सम्बन्धमा स्थानीय पूर्वाधार शाखा प्रमुखको भूमिका सम्बन्धमा खाता सञ्चालन सम्बन्धमा भएको देखिन्छ । उक्त निर्णयमा स्थानीय पूर्वाधार विकाससम्बन्धी कार्यहरूको सम्भाव्यता अध्ययन, सर्भेक्षण, नक्सा तयारी डिजाइन निर्माण व्यवस्थापन, जाँचपास, फरफारकलगायत सम्पूर्ण प्राविधिक विषयहरूको जिम्मेवारी र दायित्त्व तोकिएको मापदण्डअनुसार जिल्ला विकास प्राविधिक कार्यालयले स्थानीय पूर्वाधार शाखाको रूपमा कामकाज गर्ने लगायतको विषयवस्तु समावेश भएको देखिन्छ । नेपाल सरकारबाट स्थानीय विकाससम्बन्धी ऐन, नियमको आधारमा स्थानीय पूर्वाधार विकास सुनिश्चित् गर्नको लागि जिल्ला विकास समितिको कार्यालय तथा जिल्ला प्राविधिक कार्यालयको काम, कर्तव्य र अधिकारलाई स्पष्ट गर्नको लागि भएको निर्णयबमोजिम नै तत्तत् कार्यालयको आफ्नो अधिकारको प्रयोग गर्नुपर्ने र कार्य सञ्चालन गर्नुपर्ने नेपाल सरकारको उक्त निर्णयबमोजिम कार्य नभएको भनी महालेखा परीक्षकको कार्यालयले आ.व. २०६५।०६६, आ.व. ०६६।०६७ को लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरिएको समेतको अवस्थामा नेपाल सरकारको मिति २०६३।१०।११ को निर्णयविपरीत कार्य नगर्नु, नगराउनू भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६९ साल असोज ८ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६६-CR-००२६, जालसाजी, *डम्बरकुमारी खवास वि. श्यामबहादुर क्षेत्री समेत*

प्रतिवादी देवनारायण खवासले आफ्नो बाबु कलधाराबाट मिति २०५७।३।२८ मा रू. ४,००,०००।- मूल्य उल्लेख गरी अंशबापत प्राप्त गरेको विवादित कि.नं. ६८९५ को घरजग्गा मिति २०५९।१२।१७ मा राजीनामाको लिखत पारीत गरी हक छाडी दिँदा रू.५६,३००।- मात्र मूल्य राखी अथात् ४ वर्ष अगाडि कायमी मूल्यभन्दा लगभग सात गुणा कम मूल्य राखी राजीनामा पारीत गरिनु, सगोलको ससीम जग्गा बिक्री गर्नको लागि अधिकृत वारेसनामा गरी दिँदा के कुन घर व्यवहार चलाउनको लागि सो सम्पत्ति बिक्री गर्नु परेको हो भन्ने कुरा सो वारेसनामा र राजीनामाको लिखतमा समेत खुलाउन नसक्नु, सो लिखतहरू हुँदाका अवस्थामा यी वादी डम्बरकुमारीको मञ्जूरी लिएको वा निजलाई साक्षीमा राखेको पनि नदेखिनु, निज प्रतिवादी निजको घरको व्यवहार चलाउने मुख्य व्यक्ति रहेको पनि नदेखिनु समेतका आधार प्रमाणबाट विवादित कि.नं. ६८९५ को ससीम जग्गा विगाहा ०-७-१० जग्गा बिक्री गर्न भएको अधिकृत वारेसनामा एवं मिति २०५९।१२।१७ को नं. ३२२२ को राजीनामाको लिखतबाट वादी नाबालकहरूको समेत हक मेट्ने कार्य भएको कुरामा शंका गरिरहनु पर्ने अवस्था भएन । तसर्थ, वादी नाबालकहरूका हकमा जालसाजी गरेको देखिँदा चार भागको तीन भाग जालसाज हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६९ साल भदौ २५ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०५७२, उत्प्रेषण परमादेश, *प्रो. सूर्यबहादुर खड्का समेत वि. सार्वजनिक खरीद पुनरालोकन समिति, रेडक्रस मार्ग, ताहाचल काठमाडौं समेत*

निवेदक यादव शंकर जे.भी. ले रामकिशोर यादवको नाममा दिएको मिति २०६८।६।१५ को अख्तियारीनामाको कागजमा श्री सिंह शार्दुल गुल्म सिमीकोट ब्यारेक हुम्लाको राशन ठेक्का बन्दोबस्ती गर्न मात्र अख्तियारी दिएको तर २४ नं. बाहिनी अड्डा जुम्लाको राशन बन्दोबस्त गर्ने अख्तियारनामा नदिएको स्थितिमा पनि कानूनबमोजिमको अख्तियारबेगर बोलपत्र पेश गरिएकोले उक्त बोलपत्र सार्वजनिक खरीद ऐन, २०६३ को दफा २३(२)(क)(ख) बमोजिम ग्राह्यताको परीक्षणमा सामेल नगरिएको कार्यलाई कानूनविपरीतको कार्य हो भनी मान्न समेत मिलेन। निवेदकको अख्तियारी नै कानूनमा उल्लिखित शर्त पूरा नगरेबाट निजको बोलपत्र मूल्याङ्कन परीक्षणमा सामेल नगराइएको कारणबाट निजको हक अधिकारमा हनन् पुगेको भन्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६६-CI-०७७३, हरहिसाब गरिपाऊँ, *हरिप्रसाद जोशी वि. लोकेन्द्र विष्ट समेत*

न्यायको याचना गर्दै अदालत प्रवेश गर्ने पक्षलाई हकदैया तथा हदम्यादको अभाव, अधिकारक्षेत्रको अभाव र माग दावी गर्ने कानूनको अभाव देखिएको अवस्थामा बाहेक विषयवस्तुभित्र नै नपसी दावी नै खारेज गर्ने कार्य न्यायसंगत् होइन। फिरादी/पुनरावेदक कम्पनी रजिष्ट्रारको कार्यालयमा यसै विषयवस्तुलाई लिएर प्रवेश गर्दा कानूनबमोजिम अधिकारप्राप्त निकायबाट निकास लिन जानकारी गराइएको छ। सोपश्चात् प्रस्तुत फिराद परेको छ। प्रस्तुत फिरादमा अन्य कानूनी आधारका अतिरिक्त तत्काल बहाल कम्पनी ऐन, २०५३ को दफा १३२(१) को पनि उल्लेख गरेको पाइन्छ। व्यापार, उद्योग र व्यवसायमा मुनाफा नै हुन्छ भन्ने अवस्था हुँदैन। फिराद दावीबमोजिम घाटा हो होइन। त्यो सबै शेयर होल्डरहरुले व्यहोर्नु पर्ने हो होइन र र व्यहोर्नु पर्ने हो भने के कति कसले व्यहोर्नु पर्ने भन्ने कुरा केवल सबूद प्रमाणको मूल्याङ्कनका आधारमा मात्र बोल्न सकिने कुरा हो। उपरोक्तानुसार शुरु कञ्चनपुर जिल्ला अदालतको फिराद दावी खारेज गर्ने गरी गरेको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६४।२।२७ को फैसला मिलेको नदेखिँदा उल्टी हुने भई सो बदर गरिदिएको छ। अब, जे जो बुझ्नु पर्ने हो बुझी इन्साफ गर्नु भनी तारिखमा रहेका पुनरावेदक तथा प्रत्यर्थीलाई पुनरावेदन अदालत, महेन्द्रनगरको तारिख तोकी शुरू तथा पुनरावेदन अदालतको मिसिल पुनरावेदन अदालत, महेन्द्रनगरमा पठाई दिने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज १ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०२३३, आयकर, *लक्ष्मणबहादुर बस्नेत वि. नेपाल ट्रेड एण्ड सर्भिस लिंक, विराटनगर*

प्रत्यर्थीले व्यापारिक कार्यको प्रयोजनार्थ ट्याक्टर आयात गर्नको लागि बैंकसँग सम्झौता गरी टि.आर. कर्जा लिएको भन्ने तथ्यलाई आन्तरिक राजस्व कार्यालय, विराटनगरको निर्णयमा पनि स्वीकार गरेको पाइन्छ भने टि.आर. कर्जा लिएको होइन भनी पुनरावेदकले जिकीर लिन सकेको पनि देखिँदैन। प्रत्यर्थी फर्मले लिएको टि.आर. कर्जाको ब्याज तिरेकै देखिन्छ भने उक्त कर्जा आफ्नै व्यापारिक कारोबारको प्रयोजनको लागि लिएको देखिन्छ। व्यापारिक फर्मले वर्षको शुरूमा लिएको टि.आर. कर्जाको ब्याज वर्षको अन्त्यमा रहेको नगद तथा बैंक मौज्दातलाई आधार मानी वर्षभरिकै ब्याज असूल गर्नु न्यायसंगत् नहुने हुँदा टि.आर. कर्जाको ब्याज खर्च रू. ६,०९,८३४।७४ खुद आयमा समावेश गर्न नमिल्ने हुँदा सो रकम खुद आयमा समावेश हुन नसकी मिन्हा दिने ठहऱ्याएको

हदसम्म राजश्व न्यायाधीकरण विराटनगरको फैसला मिलेकै देखिन्छ। एडभान्स दिएको ऋण बराबरको ब्याज खर्च खुद आयमा समावेश हुने देखिँदा उक्त रकम रू. १,६१,६९३।१२ खुद आयमा समावेश हुने ठहर्छ। सो रकम खुद आयमा समावेश हुन नसकी मिन्हा दिने ठहऱ्याएको हदसम्मको उक्त फैसला मिलेको नदेखिँदा राजश्व न्यायधीकरण विराटनगरको मिति २०६४।१२।११ को फैसला केही उल्टी हुने।

इजलास अधिकृतः कृष्णप्रसाद पौडेल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको ०६७-WO-०९९९, उत्प्रेषणयुक्त परमादेश, *जयप्रसाद यादव समेत वि. भोला यादव समेत*

विद्यालय जस्तो संस्थामा समाज सेवा गर्ने उद्देश्यले आफू निर्वाचित हुन पाए हुन्थ्यो भन्ने सबैको चाहना हुनु स्वाभाविक नै मान्नु पर्दछ। तर सबै व्यक्ति एउटै पदमा निर्वाचित हुन सक्ने अवस्था पनि हुँदैन। निवेदकले दावी लिए जस्तो प्रक्रिया नै नपुऱ्याई विद्यालय व्यवस्थापन समिति गठन भएको संलग्न मिसिलबाट देखिएको छैन। व्यवस्थापन समितिको चुनावमा उम्मेदवार हुनका लागि योग्यता पुगेको अभिभावक हो भन्ने कुराको पुष्टि हुने गरी कुनै कागजात निवेदनसाथ पेश गर्न सकेको पाइँदैन। यसरी जिम्मेवार निकायका जिम्मेवार पदाधिकारी समेत संलग्न भई गरिएको विद्यालय व्यवस्थापन समितिको छनौटको कार्यलाई जोसुकैले निवेदन दिई बदर वातिल गराउन सक्ने हो भने जुनसुकै नियमानुसारको कार्य पनि अनिश्चित हुन जाने हुँदा निवेदकहरूले आफू विद्यालयको अभिभावक हो भन्ने कुराको प्रमाण प्रस्तुत गर्न नसकेको हुँदा हकदैयाको अभावमा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको रिट नं. ०६६-WO-००४७, उत्प्रेषणयुक्त परमादेश, *जगतकुमार भुसाल वि. सामान्य प्रशासन मन्त्रालयम समेत*

निजामती सेवा ऐन, २०४९ को दफा २०क को उद्देश्य कुनै पदमा १५ वर्ष वा सोभन्दा बढी अवधिसम्म बहाल रही कार्य गरिसकेका व्यक्तिहरूको हकमा लागू हुने हो। तर सेवा अवधि थप गर्दा १५ वर्ष पुग्नेहरूको हकमा बढुवा प्रयोजनको लागि थपिएको अवधि जोडेर १५ वर्ष पुग्ने निवेदक जस्तो १५ वर्ष बहाल रही उही पदमा काम नगरेको व्यक्तिहरूको हकमा आकर्षित हुनसक्ने भएन। तसर्थ एक तह बढुवा दिई अवकाश दिनु पर्ने नदेखिने।

निवृत्तिभरणको प्रयोजनका लागि दफा ३५ बमोजिम थप हुने अवधि ऐनको दफा २०क बमोजिम न्यूनतम् १५ वर्ष पुऱ्याउने प्रयोजनका लागि कायम गर्न मिल्ने देखिँदैन। किनकि ऐनको दफा २०क मा एउटै पदमा १५ वर्षसम्म बहाल रहेको निजामती कर्मचारीको हकमा मात्र उक्त दफा आकर्षित हुने हो। निवेदक जस्तो एउटै पदमा १५ वर्ष बहाल नरहेको कर्मचारीको हकमा ऐनको दफा २०क अनुसार बढुवा गर्ने प्रयोजनको लागि कायम गर्न मिल्ने देखिएन। किनकि निवेदक आफू रा.प. द्वित्तीय श्रेणीको पदमा १३ वर्ष ११ महिना १० दिन मात्र बहाल रहेको देखिन्छ। तसर्थ निजामती सेवा ऐन, २०६९ को दफा ३५ बमोजिम जोडिने अवधि ऐनको दफा २०क बमोजिम एक तह प्रमोशनको लागि न्यूनतम् अवधि पुऱ्याउने प्रयोजनका लागि जोड्न मिल्ने नदेखिँदा निवेदकलाई एउटै पदमा न्यूनतम् १५ वर्ष बहाल नरहेकोले एक तहमाथि प्रमोशन दिई निवृत्तिभरण दिन मिल्ने नदेखिएको हुँदा रिट निवेदन नै खारेज हुने।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल भदौ ५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको ०६७-CR-०६८६,

मानव बेचबिखन ओसारपसार, *शंकरबहादुर बस्नेत वि. नेपाल सरकार*

जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ७ मा उल्लेख भएअनुसार जीउ मास्ने बेच्ने उद्देश्यले नलगेको भन्ने कुराको प्रमाण अभियुक्तले नै पुऱ्याउनु पर्ने भन्ने कानूनी प्रावधान रहेकोमा पुनरावेदक प्रतिवादीले जाहेरवाली पीडितहरूलाई भारतको सर्कसमा लगी बेचबिखन समेत गरेको, पीडितहरूले सर्कसमा कार्यरत रहँदा पीडादायक कष्टपूर्ण जीवन व्यतीत गरेको, निजहरूमध्ये दुईजनालाई उक्त सर्कसबाट उद्धार गरी ल्याइएको र एकजना भागी आउन सफल भएको, निजहरूका अभिभावकहरूले समेत सोही कुरालाई पुष्टि हुने गरी कागज गरेकोबाट पुनरावेदक प्रतिवादी समेतले बेचबिखन गरेको पुष्टि हुन आइरहेको अवस्था होइन भनी पुनरावेदक प्रतिवादीले सोको प्रमाण पुऱ्याउन सकेको पाइँदैन । प्रतिवादीले आफूलाई लागेको आरोपित कसूर खण्डन हुने कुनै पनि प्रमाण पेश गर्न सकेको नपाइँदा तथा मिसिल संलग्न समग्र कागज प्रमाणको अध्ययन मूल्याङ्कनबाट पुनरावेदक प्रतिवादी समेतले जाहेरवाली पीडित केटीहरूलाई ललाई फकाई झुक्यान प्रलोभनमा पारी भारतको कानपुरस्थित राजमहल सर्कसमा लगी बेचबिखन गरेको सावित हुन आएकोले पुनरावेदक प्रतिवादी शंकरबहादुर बस्नेतलाई तत्काल प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम १० वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः भोलनाथ ढकाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल भदौ ६ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको ०६७-CR-०८७२, ०९५८, कर्तव्य ज्यान, *सुव्वा कार्की वि.नेपाल सरकार, भिमसेन कार्की वि. नेपाल सरकार*

मृतक कालगतिले मरेको नभई कर्तव्यबाट भएको भन्ने कुराको पुष्टि जुन स्थानमा मृतक पुगेको भए थिएँ भनिएको छ । त्यस स्थानको ढुंगामा मृतकको रगत पाइएको, मृतकको शरीर सोही स्थानबाट तल झारिएको अवस्थामा रहेको मृतकको शरीरमा अण्डरवेयर मात्र रही नाङ्गो अवस्थामा रहेको, घाँटीमा शरीरको लुगाले बाँधेको अवस्थामा पाइएको साथै मृतकलाई मारेउपरको किटानी जाहेरी परेको, रक्सी खाने स्थानमा यी प्रतिवादीहरू र मृतक सँगै रहेको भनी अन्य गवाहहरूले समेत लेखाई दिएको अवस्थाको अतिरिक्त मर्ने व्यक्तिले नाङ्गो हुने र लुगा खोली घाँटीमा बेर्न नसक्ने हुँदा मृतक र यी प्रतिवादीहरू बीच तत्काल झगडा भई कुटपीट भएको र सोही कारण मानबहादुर कार्कीको मृत्यु भएको देखिँदा प्रतिवादीहरू भीमसेन कार्की र सुब्बा कार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी समेत नरहेको, रक्सी खाई मात्तिएको अवस्थामा ढुंगा हानाहान, कुटपीटको वारदात भै मानबहादुर कार्कीको मृत्यु भएको देखिँदा ठहरेबमोजिमको सजाय गर्दा चर्को पर्ने हुनाले अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्न व्यक्त राय समेत सदर हुने ।

इजलास अधिकृतः भोलनाथ ढकाल
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल भदौ ६ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०५०९, आयकर, *ठूला करदाता कार्यालय, ललितपुर वि. जिल्ला मकवानपुर, हेटौडा औद्योगिकक्षेत्र स्थित नेपाल टोवाको कम्पनी प्रा.लि.*

आयकर ऐन, २०३१ सामान्य ऐन र आर्थिक ऐन, २०५३ सम्बन्धित आर्थिक वर्षका लागि बनेको विशेष ऐन हो । विशेष ऐन र सामान्य ऐन बाझिएको अवस्थामा विशेष ऐनले प्राथमिकता पाउँछ । तर प्रस्तुत विवादमा यी दुई ऐन बाझिएको अवस्था

देखिँदैन । आर्थिक ऐन, २०५३ को अनुसूची-४ को दफा ३२ मा उल्लिखित व्यवस्थाले आयकर ऐन, २०३१ को दफा १२(१)(ञ१) लाई प्रतिस्थापन गरेको नभई थप सुविधा प्रदान गरेको देखिन आउँछ । यसरी आर्थिक ऐन, २०५३ को अनुसूची-४ को दफा ३२ ले आयकर ऐन, २०३१ को दफा १२(१) (ञ१) भन्दा बढी सुविधा प्रदान गरेको देखिँदा करदाताले ती दुई ऐनमध्ये एउटा ऐनले दिएको सुविधा मात्र पाउने नभई दुवै ऐनले दिएको सुविधा पाउने ।

विशेष ऐनको रूपमा रहेको आर्थिक ऐन, २०५३ को अनुसूची-४ को दफा ३२ ले बिक्री कर तिर्नुपर्ने गरी गरिएको विज्ञापन खर्चलाई खुद आय कायम गर्दा पूरै कट्टा गर्न पाउने व्यवस्था गरेको देखिएको र करदाताले कर तिरेको विज्ञापन खर्च रू.१२,५८,२४११०७ खर्च गरेको भन्ने कुरामा विवाद नरहेको हुँदा उक्त रकमलाई खुद आयमा कट्टा गर्न मिल्ने ।

करदाताको कुल आय रू. ५,२१,७८,१०७।७७ भई आयकर ऐन, २०३१ को दफा १२(१)(ञ१) मा रहेको कानूनी व्यवस्थाको आधारमा उक्त रकम रु.१०,१७,३७२।६२ खर्च माग गरेको देखिन्छ । सो रकम कूल आयको दुई प्रतिशतभन्दा कम रहेको देखिन्छ । त्यसैले करदाताले कुल आयको दुई प्रतिशतभन्दा कम रकम रू. १०,१७,३७२।६१ कट्टी गरी करयोग्य आय कायम गर्न पाउने नै देखिने ।

करदाताले आर्थिक ऐन, २०५३ को अनुसूची-४ को दफा ३२ बमोजिम बिक्री कर तिर्नुपर्ने गरी गरिएको विज्ञापन खर्च रू. १२,५८,२४१।०७ र आयकर ऐन, २०३१ को दफा १२(१)(ञ१) मा रहेको कानूनी व्यवस्थाका आधारमा कर नतिरेको विज्ञापन खर्च जम्मा रू.३२,८८,२०९।३४ मध्ये आ.व. २०५३।०५४ को कुल आय रू.५,२१,७८,१०७।७७ को दुई प्रतिशतले हुने रू.१०,१७,३७२।६२ समेत कट्टा गरी खुद आय कायम गर्न पाउने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल कात्तिक २० गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या. प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-CI-०१४२, आयकर, *आन्तरिक राजश्व कार्यालय, विराटनगर वि. ज्योति पोलिमर्स उद्योग*

आयकर ऐन, २०४९ को दफा १०१(छ) बमोजिम प्रतिवादीलाई दिइएको सूचनाअनुसार प्रतिवादीले पेश गरेको जवाफमा मेशिनरी कञ्जुमेवल रू.२,४५,२५४।०१, कञ्जुमेवल मेटेरियल रू.५१,९०७।८६ र फ्यूल एण्ड लुब्रिकेन्ट्स रू.७,४४,८९।६९ समेत जम्मा रू. ३,७१,६५१।५६ अनुसूची-५(क) मा समावेश गर्न छूट भएको भन्ने व्यहोरा उल्लेख भएको पाइयो । तर त्यसको उचित र तर्कसंगत् कारण र प्रमाण पेश गर्न नसकेको हुँदा उक्त रू. ३,७१,६५१।५६ खुद आयमा समावेश गर्न नै पर्ने हुँदा मिन्हा हुन्छ भन्न नमिल्ने ।

अदालतले मुद्दाको फैसला गर्दा तथ्य र कानूनका आधारमा गर्नुपर्दछ । प्रतिवादीले पेश गरेका भनिएका बिल भर्पाई मिसिल संलग्न रहेको देखिँदैन । उक्त बिल भर्पाई मिसिलमा रहन नसक्ने प्रकृतिका प्रमाणहरू देखिँदैनन् । ती बिल भर्पाईहरू मिसिलमा पेश गर्न नसक्नुको कुनै आधार र कारण खुलाइएको देखिँदैन । अदालत बाहेकका कुनै पनि फैसला वा निर्णय गर्ने निकाय वा अधिकारीले आफूबाट भएका फैसला वा निर्णयहरू माथिल्लो तहको अदालत र निकायबाट परीक्षण हुन सक्दछ भन्ने कुरालाई विचार गर्नु पर्दछ । त्यसैले कुनै पनि तहका अदालत वा अन्य न्यायिक निकायले निर्णय गर्दा मिसिलमा रहन सक्ने प्रकृतिका सबूद प्रमाणहरू मिसिलसाथ राख्नु पर्ने भन्ने कुरा न्यायिक जिम्मेवारीको महत्वपूर्ण पक्ष हो भन्ने विषय निर्विवाद छ ।

सर्वोच्च अदालतले आफ्नो मातहतका अदालत वा निकायले गरेको फैसला वा निर्णयलाई पुनरावेदनको माध्यमद्वारा परीक्षण गर्दछ । पुनरावेदन सुन्नु अघि मातहतको अदालत वा निकायले विवादित मुद्दाका सम्बन्धमा आवश्यक प्रमाण संकलन गरी मिसिलसाथ राखेको हुन्छ भन्ने अपेक्षा पुनरावेदन सुन्ने निकायले राखेको हुन्छ र मिसिलसाथ भएका सबूद प्रमाणको आधारमा न्यायिक निष्कर्षमा पुग्दछ ।

यसकारण पेश भएका बिल भर्पाई मिसिल संलग्न नराखी इजलासमा प्रत्यक्षीकरण गराएको भन्ने आधारमा मात्र करयोग्य आयमा मिन्हा दिने भन्ने राजश्व न्यायाधिकरणको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ तथा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ७७, १८४क १८५नं. समेतको विपरीत देखिने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल, मन्दिरा रानाभाट

इति संवत् २०६९ साल कात्तिक २० गते रोज २ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको ०६७-CR-०७५२, जवर्जस्ती करणी, *धर्मराज पौडेल वि. नेपाल सरकार*

अदालतमा आई अपराधमा इन्कारी बयान गरेको भए तापनि जाहेरवालीले दिएको जाहेरी दरखास्त र निज प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरेको बयान कागज एक आपसमा मिले भिडेको नै देखिन्छ । उक्त जाहेरी र अनुसन्धान हुँदा भएको साविती कागजलाई पीडितको योनीद्वार ठूलो हुनु, पटकपटक करणी भएको हुनु, योनी वरपर रातो हुनु, लिङ्ग घस्रिएको डाम हुनुको अतिरिक्त ओछ्यानमा बीर्य स्खलन भएको सबै स्वतन्त्र तथ्यगत प्रमाणबाट कसूर स्थापित भइरहेको हुँदा निज प्रतिवादीलाई कसूरदार होइनन् भन्न नमिल्ने ।

किटानी जाहेरी दरखास्त तथा अदालतमा आई गरेको बकपत्र, पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरेको बयान कागज, स्वास्थ्य परीक्षण प्रतिवेदन तथा प्रहरीमा कागज गर्ने व्यक्तिहरूले अदालतमा आई गरेको वकपत्र समेतको आधारमा यी पुनरावेदक प्रतिवादी धर्मराज पौडेलले अभियोग दावीअनुसारको कसूर अपराध गरेका होइनन् भन्न सकिने अवस्था नहुँदा निज प्रतिवादी धर्मराज पौडेललाई मुलुकी ऐन, जवर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम १२ वर्ष कैद तथा हाडनाता करणीको महलको १ नं. बमोजिम थप १० वर्ष कैद हुने र रू. ४०,०००।- क्षतिपूर्ति समेत पीडितले प्रतिवादीबाट भराई लिन पाउने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको ०६७-CR-०१७३, कर्तव्य ज्यान, *पाजु भन्ने मंगलदास महर्जन वि. नेपाल सरकार*

मृतक नाबालिका भवानी राईको लास निज पुनरावेदक प्रतिवादी पाजु भन्ने मंगलदास महर्जनको आफ्नो नियन्त्रणमा रहेको घरको भान्छाकोठाबाट बरामद भएको र निज अदालतमा आई बयान गर्दा इन्कार रहे पनि अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरेको कागजमा साविती नै रहेको देखिएको, शव परीक्षण प्रतिवेदनमा उल्लिखित विवरण र यी पुनरावेदक प्रतिवादीले कसूर गर्दाका अवस्थामा नाबालिकाप्रति गरेको क्रियाकलापको तादाम्यता समेत मिले भिडेको परिस्थितिजन्य प्रमाणका आधारमा मृतक भवानी राईको मृत्यु यिनै पुनरावेदक प्रतिवादीको कर्तव्यबाट भएको होइन भन्न सकिने अवस्था नदेखिँदा प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत कर्तव्य गरी सोही महलको १३(३) नं. बमोजिम कसूर गरेको देखिँदा निज पुनरावेदक प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको ०६७-CR-०८२९, ०६८-CR-१२५३, कर्तव्य ज्यान, *सागर गुरुङ वि. नेपाल सरकार, राजु वि.क. वि. नेपाल सरकार*

राजु वि.क. १५ वर्षभन्दा मुनिको नाबालक रहेको र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को कानूनी व्यवस्थाबमोजिम १५ वर्षभन्दा कम उमेरका नाबालक यस्ता कसूर अपराधमा संलग्न रहेको पाइएमा आधा मात्र सजाय हुने कानूनी व्यवस्था देखिँदा अन्य प्रतिवादीहरूलाई बचाउने मनसायले निजले अदालतमा आई बयान गर्दा आफू बाहेकका व्यक्ति उक्त वारदातमा संलग्न रहेको भनी बयान गरेको हुनसक्ने कुरालाई नकार्न नसकिने ।

पुनरावेदक प्रतिवादीहरू राजु वि.क. तथा सागर गुरुङले अनुसन्धान अधिकारीसमक्ष गरेको साविती बयान, घटनास्थल तथा लास जाँच मुचुल्कामा उल्लिखित व्यहोरा, शव परीक्षण प्रतिवेदन तथा घटनाक्रमको विश्वसनीयता समेतका आधारमा मृतक होमबहादुर पाटा मगरको मृत्यु यिनै प्रतिवादीहरूको कर्तव्यबाट भएको हो भन्ने कुरामा विवाद नदेखिँदा प्रतिवादीहरू राजु वि.क. र सागर गुरुङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. तथा १३(३) नं. विपरीतको कसूरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने भै प्रतिवादीमध्येका राजु वि.क. १५ वर्षभन्दा कम उमेरको भएको र निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ को कानूनी व्यवस्थाअनुसार १० वर्ष र पुनरावेदक प्रतिवादी सागर गुरुङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार जन्मकैद हुने ।

इजलास अधिकृतः ईश्वरीप्रसाद गौतम

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल कात्तिक १५ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको दे.पु.नं. ०६६-CI-०४४९, ०४५०, लिलाम बदर रोक्का फुकुवा, *निकेश यादव वि. रामप्रताप राय यादव, नेपाल बैंक लिमिटेड प्र.का.समेत वि. रामप्रताप राय यादव*

धितोमा रहेको सम्पत्तिबाट बैंकको कर्जा असूलउपर सम्बन्धी कारवाहीबाट मूल ऋणीलाई नै प्रत्यक्ष असर पर्ने भएकोले यस्तो कामकारवाहीका सम्बन्धमा कानूनी प्रश्न उठाउन पाउने कहदैया ऋणीलाई भएको मान्नुपर्ने ।

जग्गाको लिलाम मुचुल्का हेर्दा प्रतिनिधिको रूपमा जिल्ला प्रशासन कार्यालय, गौर, जिल्ला प्रहरी कार्यालय, र गौर नगरपालिकाका प्रतिनिधिहरूले मुचुल्काको छेउमा संकेतमा जग्गाको मोल बजारभाउअनुसार नभएको हुँदा बजारभाउअनुसार मूल्य कायम हुन पुनः विचार हुनुपर्ने भनी कैफियत व्यहोरा जनाएको पाइन्छ । दुवै कि.नं. २००१ र ३२१ का जग्गा जम्मा रू. ६,३५,०००।- मा लिलाम भएकोमा उक्त जग्गा मालपोत कार्यालयमा दाखिल खारेज गर्ने प्रयोजनका लागि जम्मा रू. १९,८७,५००।- मूल्य उल्लेख गरेको मालपोत कार्यालयको टिप्पणी आदेशबाट देखिन्छ । यसबाट पनि जग्गाको मूल्यको न्यायोचित् मूल्याङ्कन नभई मालपोत कार्यालयको न्यूनतम् मूल्यभन्दा ज्यादै थोरै रकममा लिलाम भएको पुष्टि हुँदा कि.नं. २००१ र कि.नं. ३२१ को जग्गा लिलाम गर्दा उक्त जग्गाहरूको न्यायोचित् मूल्याङ्कन गरेको नदेखिने ।

न्यायोचित् मूल्याङ्कन बिना हचुवाका भरमा भएको लिलाम कारवाही कानूनप्रतिकूल हुनुकासाथै न्यायपूर्ण हुन नसक्ने हुँदा त्यस्तो लिलाम कारवाहीको कानूनी हैसियत शून्य भई उक्त लिलाम अस्तित्वमा रहन नसक्ने ।

कि.नं. २००१ र कि.नं. ३२१ को जग्गाको न्यायोचित् मूल्याङ्कन बिना गरिएको लिलाम बदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६६ सालको दे.पु.नं. ०६६-CI-०४५१, ०४५२, दर्ता बदर, *निकेश यादव वि. रामप्रताप राय यादव, नेपाल बैंक लिमिटेड प्र.का. समेत वि. रामप्रताप राय यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## वन्दीप्रत्यक्षीकरणको आदेश

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या.श्री कल्याण श्रेष्ठ,** रिट नं. ०६९-WH-००४४, बन्दीप्रत्यक्षीकरण, *सेवा राम वि. जिल्ला प्रशासन कार्यालय सिरहा समेत*

यस अदालतको मिति २०६९।९।२७ को आदेशबमोजिम सिरहा जिल्ला अदालतका स्रेस्तेदारले घटनास्थलको जाँचबुझ गरी पठाएको प्रतिवेदन व्यहोरा समेतबाट निवेदनमा उल्लेख भएबमोजिमका श्रमिकहरुलाई ईटा भट्टा कारखानाले निजहरुको ईच्छाविपरीत ज्यालासमेत पूरा नदिई कार्यस्थलमा खानेबस्ने एवं लत्ताकपडा आदिको न्यूनतम बन्दोबस्तसमेत नमिलाई तथा सुरक्षा समेत नदिई श्रम शोषण एवं यौन दुर्व्यवहार समेतको नाजुक अवस्थामा बन्धक बनाई राखेको र निज श्रमिकहरुले त्यहाँबाट छुट्कारा पाउन माग गरेको भन्ने देखिएको छ। त्यसरी जवर्जस्ती बन्धक बनाई काममा लगाउनु बन्दीसरहको अवस्था देखिएको भै जाँचबुझ अधिकृतसमेतको टोलीले सम्बन्धित बन्धक बनाइएका व्यक्तिहरुको इच्छानुसार बन्धकमुक्त गरी अदालतकै सक्रियतामा नेपाल रेडक्रस सोसाइटी सिरहामा आश्रय दिई खानपीन एवं स्वास्थ्य उपचार गरिएको भन्ने समेत देखिएकोले निजहरुलाई बन्दीसरहको त्यस्तो अवस्थामा निरन्तर रहन दिन वा यथावत् अवस्थामा छाड्न समेत मिल्ने नदेखिएकोले ती श्रमिकहरुले इच्छा गरेमा कागज गराई निजहरुलाई आफ्नो देश भारत प्रस्थान गर्न नेपाल भारत सीमासम्म पर्याप्त सुरक्षा व्यवस्था मिलाई आफ्नो देशमा पुनरागमनका लागि सहयोग दिई पठाउने व्यवस्था गर्नुपर्ने देखियो। यस क्रममा निवेदकलगायतका श्रमिकहरुले काम गरेको ईँटा भट्टाबाट पाउनु पर्ने रकमको हकमा ईँटा भट्टा मालिकबाट तत्काल दिलाउन सक्ने भए सो काममा सहयोग गर्ने र सो हुन नसकेमा पनि सम्बन्धित श्रमिकहरूले कानूनबमोजिम भराई पाउन उपयुक्त उपचार खोज्न सक्ने नै हुँदा प्रस्तुत निवेदनको रोहमा निवेदनमा उल्लिखित व्यक्तिहरूलाई बन्धक सरहको स्थितिमा बन्दी बनाई राखेको देखिँदा निजहरूलाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३६ बमोजिम बन्धक अवस्थाबाट मुक्त गरी आफ्नो देश प्रस्थान गर्न मित्र राष्ट्र भारतको सीमावर्ती प्रशासनसँग समेत आवश्यक समन्वय गरी निजहरूलाई सुरक्षासाथ नेपाल सीमा पार गर्न दिई सो कार्य सम्पन्न भएपछि सोको प्रतिवेदन यस अदालतमा पठाउनु भनी सिरहा जिल्ला अदालतका स्रेस्तेदारलाई लेखी पठाउनू र उक्त कार्यमा आवश्यक पर्ने प्रशासनिक तथा अन्य व्यवस्थापकीय सरसहयोग सक्रिय रूपमा उपलब्ध गराउनु भनी पूर्वाञ्चल क्षेत्रीय प्रशासक तथा सिरहा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई समेत लेखी पठाई स्रेस्तेदारको प्रतिवेदन प्राप्त भएपछि मिसिलसाथ राखी नियमानुसार पेश गर्नू।

इति संवत् २०६९ साल माघ ३ गते रोज ४ शुभम्।

## अन्तरिम आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. ०६९-WS-००४०, उत्प्रेषण, *अम्बिकाप्रसाद चौहान समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

शिक्षा ऐन, २०२८ को दफा ११ च को खण्ड (१)(घ) बमोजिम रिक्त दरबन्दीहरूमा विज्ञापन गरी कानूनबमोजिम पदपूर्ति गर्नुपर्ने अवस्था भएर खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा शिक्षक दरबन्दी पूर्ति गर्नका लागि शिक्षक सेवा आयोगले मिति २०६९।९।२० गते विज्ञापन गरेको देखिएको, उक्त विज्ञापित पदहरूमा दरखास्त भरी छनौट प्रक्रियामा सहभागी हुन निवेदकहरूलाई बन्देज लगाइएको भन्ने अवस्था नदेखिई तोकिएको योग्यता पुगेका सबैले सहभागी हुन पाउने अवस्था रहेको, रिक्त रहेका दरबन्दीहरूमा निवेदकहरू लगायत शिक्षक पदमा रोजगारी चाहने सम्पूर्ण अन्य प्रत्यासीहरूको हकअधिकार निहित रहेको देखिइरहेको र उक्त विषयमा कामकारवाही अगाडि बढाउन दिएमा निवेदकको खास कानूनी हक वा हितमा अपूरणीय

क्षति हुने देखिन नआउनुको साथै अन्तरिम आदेश जारी नहुँदाभन्दा अन्तरिम आदेश जारी भएमा प्राप्त प्रतिस्पर्धात्मक हकमा असर पर्ने स्थिति देखिएकोले मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

इति संवत् २०६९ साल माघ ११ गते रोज ५ शुभम् ।

२

**माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ,** ०६९-WO–०७४०, उत्प्रेषणयुक्त परमादेश, *अधिवक्ता गोविन्दप्रसाद शर्मा 'बन्दी' समेत वि. महान्यायाधिवक्ता मुक्ति प्रधान, महान्यायाधिवक्ताको कार्यालय समेत*

यसमा निवेदकले निवेदनमा विपक्षी महान्यायाधिवक्ताले प्रहरी प्रधान कार्यालयलाई सम्बोधन गरेको मिति २०६९।०९।२७ को पत्र समेत कान्तिपुर दैनिकको मिति २०६९।०९।२८ को अङ्कमा प्रकाशित पत्र समेतको प्रति निवेदन साथ राखी उक्त मितिको पत्र प्रस्तुत मुद्दाको अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु र जिल्ला अदालतको अनुमतिले अनुसन्धान प्रक्रिया अघि बढिरहेको कार्यलाई हस्तक्षेप नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गरी पाउन माग गरेको देखिन्छ ।

सो सम्बन्धमा विचार गर्दा पत्रकार डेकेन्द्र थापाको पत्नी लक्ष्मी थापाको जाहेरीबाट डेकेन्द्र थापाको हत्या सम्बन्धमा अनुसन्धानको सिलसिलामा लछिराम घर्ती समेतका व्यक्तिहरुलाई दैलेख जिल्ला अदालतको अनुमतिले हिरासतमा राखिएको भन्ने निवेदन व्यहोरासमेतबाट देखिएको छ । सो अघि उपरोक्त जाहेरी बमोजिम हुन पर्ने अनुसन्धान नभएको भन्दै प्रभावकारी उपचारको लागि पुनरावेदन अदालत सुर्खेतमा परमादेशको लागि जाहेरवालाको निवेदन परी कारण देखाउ आदेश जारी भई विचाराधीन रहेको अवस्था देखिन्छ । सोहीबीच विवादित २०६९।०९।२७ को पत्र महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको अवस्था देखिन्छ ।

प्रकाशित पत्रको व्यहोरा हेर्दा निवेदक तत्कालीन संविधान सभाका सदस्य केशव राई विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको मुद्दामा यस अदालतका एक न्यायाधीशको इजलासबाट मिति २०६७।०८।२७।२ को आदेशद्वारा निज निवेदकलाई ओखलढुङ्गा जिल्ला अदालतबाट मिति २०६७।०३।१८ मा भएको आदेश संविधान निर्माणको प्रक्रिया रहेको र द्वन्द्वकालमा घटित भएको मानव अधिकार हनन्सम्बन्धी घटनाको बारेमा संविधानमा विशेष व्यवस्था गरिएको समेत कारण देखाई कार्यान्वयन नगर्न नगराउन आदेश भएको देखिए पनि सो मुद्दामा अपराध अनुसन्धान वा अभियोजन समेत नगर्न आदेश भएको स्थिति देखिंदैन । सो मुद्दा हालसम्म विचाराधिन अवस्थामा नै रहेकोले कुनै नजीर वा कानूनी सिद्धान्त स्थापना गरिएको अवस्था पनि देखिएको छैन ।

उपरोक्त उल्लिखित २०६९।०९।२७ को पत्रमा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकार उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्ने तथा समाजमा मेलमिलापको वातावरण सिर्जना गर्ने प्रयोजनको लागि नेपाल सरकारबाट सत्य निरूपण तथा मेलमिलाप ऐनको अध्यादेश सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश भएको कारणले पनि सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अन्तर्गत कारवाही अगाडि बढाउन नमिल्ने जिकीर गरिएको छ ।

सशस्त्र द्वन्द्वकाल वा सो क्रममा भए गरेका उपरोक्त प्रकृतिका घटनाको सम्बन्धमा विस्तृत शान्ति सम्झौताबमोजिम सत्य निरूपण तथा मेलमिलाप आयोग जस्तो संस्था गठन गर्ने व्यवस्था भएको भए पनि यस अदालतबाट यस अघि विभिन्न अवसरमा जारी भएका आदेशबमोजिम समेत त्यस्तो संस्था खडा गरिएको हालसम्म देखिंदैन । त्यस्तो आयोग पनि गठन नगर्ने, प्रचलित फौजदारी कानूनबमोजिम कारवाही पनि चल्न नसक्ने स्थितिको परिकल्पना नेपालको वर्तमान अन्तरिम संविधान र प्रचलित कानूनले कतै पनि गरेको दैखिंदैन ।

वस्तुतः द्वन्द्वकालमा घटित उल्लिखित घटनाहरुको सम्बन्धमा कानूनबमोजिमको कारवाही नहुने प्रत्याभूति कतै दिइएको समेत देखिंदैन । व्यक्तिको मौलिक एवं कानूनी हकको प्रचलनको लागि फौजदारी न्यायको प्रभावकारी कार्यान्वयनको

सुप्रबन्ध गर्नु सर्वोपरि प्राथमिकताको विषय बन्ने हुनाले संविधान र प्रचलित कानूनको नियमित कार्यान्वयनको कुरामा सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनको मस्यौदा वा प्रस्ताव जस्ता कुराको प्रसंग मात्रैले कुनै अवरोध गर्न सक्ने देखिंदैन ।

वस्तुतः प्रस्तुत मुद्दामा पत्रकार डेकेन्द्र थापाको हत्या भएको जाहेरी परेपछि सो सम्बन्धमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिमको अनुसन्धान वा अभियोजनको प्रक्रिया सुचारु हुनुपर्ने अपेक्षा उक्त ऐनले गरेको देखिन्छ । अन्यथा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३, ४, ७, ८, ९, १०, ११, १२, १४, १५, १६ लगायतका व्यवस्थाहरुले वारदात घटित भएपछि तत्काल गर्नुपर्ने कुराहरु हुन नसकेमा प्रमाणको संकलन, गुणस्तर र ग्राह्यतालगायतमा दूरगामी असर पर्ने भई फौजदारी न्यायले बाटो बिराउन सक्नेसम्मको अवस्था सिर्जना गर्न नकारात्मक योगदान दिन सक्दछन् ।

प्रस्तुत मुद्दामा जाहेरी परेको लामो समयपछि भएपनि अनुसन्धानलाई गति दिन खोजिएको अवस्थामा विवादित पत्र महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको भन्ने देखिन्छ । उपरोक्त पृष्ठभूमिमा उक्त पत्रलाई तत्काल कार्यान्वयन गर्न दिन मिल्ने नमिल्ने सम्बन्धमा नै मुख्य विचार गर्नु परेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ ले महान्यायाधिवक्तालाई विभिन्न अधिकार सुम्पेको छ र सोमध्ये उक्त संविधानको उपधारा (२) बमोजिम यस संविधानमा अन्यथा लेखिएदेखि बाहेक कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने कुरा उल्लेख भएको पाइन्छ ।

उक्त अधिकार समेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ (६) बमोजिम मातहत अधिकृतलाई सुम्पन सक्ने समेतको व्यवस्था गरिएको देखिन्छ । सोहीबमोजिम मातहतको सरकारी वकीलहरुले अभियोजन गरी आएको पाइन्छ ।

त्यसरी प्रत्यायोजित अधिकार फिर्ता ग्रहण गरेको अवस्था नहुँदा सो अवस्थासम्म प्रत्यायोजित अधिकारअन्तर्गत सम्बन्धित सरकारी वकीलले अधिकार प्रयोग गर्न सक्ने नै देखिन्छ । कानूनमा स्पष्ट रूपमा व्यवस्था गरिएको तरिका वा अवस्थामा बाहेक अभियोजनकर्ता सरकारी वकीलको नियमित काममा माथिल्लो निकाय समेतले हस्तक्षेप गर्न मिल्ने अवस्था कानूनमा उल्लेख गरेको देखिंदैन ।

त्यसको अतिरिक्त प्रस्तुत ज्यान मुद्दाको वारदात सम्बन्धमा जाहेरी परी संकित व्यक्तिहरु पक्राउ परी जिल्ला अदालतको अनुमतिले थुनामा राखी अनुसन्धान जारी भएको अवस्थासम्म देखिन्छ । अपराधको अनुसन्धान पूरा भई अभियोजनको लागि प्रस्तुत नभएसम्म अभियोजन चरण नै प्रारम्भ हुँदैन । अपराध अनुसन्धानको चरणमा सरकारी मुद्दासम्बन्धी ऐनबमोजिम तत्काल गर्नुपर्ने कुराहरु रोकेर वा अन्य कुनै तरिकाले अवरोध गरेर अनुसन्धान प्रभावित गर्न पनि हुँदैन । अदालतको अनुमतिबमोजिम हुन लागेको वा भैरहेको अनुसन्धानमा कुनै पनि प्रकृतिको अवरोध भएमा न्यायको अन्तिम परिणामसमेत फरक पर्न सक्ने अवस्था आउँछ । त्यस्तो कार्यबाट न्याय अवरोध नआओस् भनी यस अदालत सचेत रहनु परेको छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम अपराध अनुसन्धानको सारभूत जिम्मेवारी प्रहरीलाई सुम्पेकोले सो जिम्मेवारी पूरा गर्न उक्त संगठन तदारुक रहनुपर्ने हुन्छ भने प्रहरी अनुसन्धानको सिलसिलामा पक्राउ परी अदालतबाट हिरासतमा लिन समेत अनुमति दिएको अवस्थामा कानूनबमोजिम अपराध सम्बन्धमा प्रहरी कर्मचारीले बयान लिनु पर्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ९ बमोजिम सरकारी वकीलको रोहवरमा बयान लिन पर्ने सम्मको व्यवस्था भएको देखिन्छ । सरकारी वकीलले आफूसमक्ष बयानको लागि प्रस्तुत गरेको अवस्थामा कुनै गैरकानूनी व्यवहार हुन नदिने बाहेक आफ्नो उपस्थिति नै इन्कार गरी बयान लिन नसकिने स्थिति सिर्जना गरी अनुसन्धान प्रभावित गर्न दिन नमिल्ने ।

अपराध अनुसन्धानको स्वाभाविक परिणामस्वरूप कानूनबमोजिम अभियोजन गर्ने र

न्यायिक प्रक्रियाको सबै चरण पार गरेर न्याय सम्पादनले पूर्ण रूप पाउने कुरा सर्वविदितै छ। अपराध अनुसन्धान कसैको पक्ष वा विपक्षमा कुनै प्रायोजित परिणाम ल्याउने दृष्टिकोणले अपराध अनुसन्धान गर्न मिल्दैन र त्यस्तो हिसाबले निर्देशित गर्न वा गराउन पनि मिल्दैन । अपराध अनुसन्धानको एउटै अभिष्ट न्याय हो । अपराध अनुसन्धान एउटा व्यावसायिक, वैज्ञानिक र स्वतन्त्र कानूनी प्रक्रिया हो, त्यसमा नै विश्वास नगर्ने वा गर्न नदिने हो भने न्यायको जगैदेखि खलबली उत्पन्न हुन सक्छ, त्यस्तो कुरा एउटा लोकतान्त्रिक र सभ्य कानून प्रणालीले कुनै पनि न्यूनतम् हदसम्म पनि सहन गर्न सक्दैन । त्यसैले प्रारम्भिक चरणमा रहेको अनुसन्धान प्रक्रियामा महान्यायाधिवक्ताको कार्यालयको सम्पूर्ण सहयोग र साथ अपेक्षित रहनेमा पत्रमा उल्लिखित जस्तो कुनै कारणहरु उल्लेख गरी सरकारी वकीलले अनुसन्धानको चरणमा कानूनबमोजिम सहभागी हुनुपर्ने अवस्थामा सहभागी नहुन, संलग्न नहुन तथा अभियोजन प्रक्रिया अगाडि नबढाउने हिसाबले कुनै काम गर्न मिल्ने देखिदैन । सफल अनुसन्धान अभियोजनबाट प्राप्त हुने लाभ कुनै खास पक्षको विरुद्ध लक्षित नरहने भई स्वच्छ र स्वतन्त्र हुने हुनाले सम्बन्धित सबैले सहृदयताका साथ सहयोग गर्नुपर्ने अपेक्षा गरिन्छ । अभियोजनको लागि पेश नै नगरिएको अवस्थामा प्रहरी अनुसन्धानको चरणमा नै रहँदा अनुसन्धान र अभियोजन अघि बढाउन नमिल्ने भनी अग्रिम रूपमा त्यसमा पनि स्वयम् महान्यायाधिवक्ताको कार्यालयबाट प्रहरी प्रधान कार्यालयमा पत्राचार गरेको र सो पत्रमा लिइएका आधारहरु संविधान, कानून र फौजदारी न्यायका आधारभूत सिद्धान्तसँग नै मेल खाएको भन्न प्रथम दृष्टिमा नै नमिलेकोले उक्त मिति २०६९।०९।२७ को महान्यायाधिवक्ताको कार्यालयबाट प्रहरी प्रधान कार्यालयलाई सम्बोधित पत्र कार्यान्वयन नगर्नु, रोक्नु, कानूनविपरीत अनुसन्धानमा अवरोध हुने कुनै कुरा प्रत्यक्ष वा परोक्ष रूपमा समेत नगर्नू ।

विपक्षी जिल्ला प्रहरी कार्यालय दैलेख एवं जिल्ला सरकारी वकील कार्यालय दैलेखले संविधान वा कानूनबमोजिम गर्नुपर्ने कार्य कुनै कारणले पनि नरोक्नु, रोक्न नदिनु, कुनै गैरकानूनी अवरोध भए यस अदालतमा प्रतिवेदन गर्नु सो काममा नेपाल सरकार लगायतले जिम्मेवारीपूर्वक सहयोग गर्नुहुन भनी विपक्षीहरुको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । सोको सूचना विपक्षीहरुलाई दिई कानूनबमोजिम गर्नु ।

इति संवत् २०६९ साल माघ २ गते रोज ३ शुभम् ।

## कारण देखाउ आदेश

**मा.न्या.श्री सुशीला कार्की,** ०६९-AP-०२५१, अपहेलना, *अधिवक्ता कमलप्रसाद इटनी समेत वि. प्रधानमन्त्री बाबुराम भट्टराई समेत*

यसमा के कसो भएको हो ? निवेदकको निवेदन मागबमोजिम अदालतको अपहेलनामा किन सजाय हुनु नपर्ने हो ? सजाय हुनु नपर्ने भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक ७ दिनभित्र विपक्षीमध्येका प्रधानमन्त्री बाबुराम भट्टराई र महान्यायाधिवक्ता मुक्ति प्रधानलाई लिखित जवाफसहित आफैं उपस्थित हुनु भनी यो आदेश र निवेदनको एकप्रति साथै राखी म्याद सूचना पठाउनु र अन्य विपक्षीहरुका हकमा यो आदेश प्राप्त भएका मितिले बाटोको म्याद बाहेक ७ दिनभित्र आफैं वा कानूनबमोजिमको प्रतिनिधिद्वारा लिखित जवाफ पेश गर्नु भनी म्याद सूचना पठाई लिखित जवाफ पेश भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू ।

इति संवत् २०६९ साल माघ ५ गते रोज ६ शुभम् ।

**मेलमिलाप गरौं, विवाद नबढाऔं**

**मेलमिलाप समिति, सर्वोच्च अदालत**